# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १० अंक २७४ काठमाडौं शुक्रबार, १९ माघ २०८० Prabhab National Daily Friday, February 2, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


# पार्टीको एजेन्डा छेउटुप्पो नमिले पनि अझै कस्सिँदै ओली-लिङ्देन दोस्ती

■ जेबी योञ्जन

**काठमाडौं-** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको मावली गाउँ पाँचथरको फलैंचा हो । यहाँका खरेलहरू ओलीका मावली हुन् । केही महिनाअघि झुलाघाट-चिवाभञ्ज्याङ संकल्प समृद्धि यात्राको क्रममा ओली मावली गाउँ पनि निस्किए । उनको मावली गाउँदेखि थर्पु र नाँगी हुँदै राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको जन्मघर पाँचथरकै अमरपुर आइपुगिन्छ ।

ओलीको जन्मघर तेह्रथुमको इवास्थित तीनसल्ले चाहिँ अमरपुरदेखि पारिपट्टी पर्छ । दुवैको राजनीतिक थलो भने झापा हो । ओली झापा-५ र लिङ्देन झापा-३ बाट चुनाव लड्छन् । दुवै जना राष्ट्रिय राजनीतिमा प्रभावशाली छन् । पहाडमै उनीहरूबीच कायम सामाजिक सम्बन्ध पूर्वी तराईको झापा झरेपछि राजनीतिक सम्बन्धका रूपमा पनि विस्तार भएको छ ।

लिङ्देन संसदीय राजनीतिमा प्रवेश हुनुमा ओलीको भूमिका महत्वपूर्ण छ । वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको माओवादीको पनि केही न केही योगदान छ ।

किनभने २०७४ मा बाम गठबन्धन बन्दा प्रत्यक्षतर्फ कांग्रेस २३ सिटमा खुम्चिँदा गठबन्धनकै दल एमाले-माओवादीको समर्थनमा राप्रपाबाट लिङ्देन निर्वाचित भए । अनि, मात्रै लिङ्देनको संसदीय राजनीति सुरु भएको हो । राजनीतिशास्त्री प्राडा लोकराज बरालका अनुसार कांग्रेस नेता कृष्णप्रसाद सिटौलालाई छेक्ने ओली-प्रचण्डको चुनावी रणनीतिले लिङ्देनको संसदीय राजनीतिमा उदय भएको हो । सिटौला र ओलीको पहाडमा गाउँ एउटै हो ।

(क्रमशः पृष्ठ २ मा)



## सहकार्य चुनावीदेखि सत्तासम्मै

लिङ्देन नेतृत्वको दल राप्रपा बहुदल आएपछि पञ्चायतमा रजगज गरेका पूर्वपञ्चहरूले स्थापना गरेका हुन् । ओली नेतृत्वको एमाले (तत्कालीन माले) पञ्चायतविरुद्ध नै सडक संघर्ष गरेको दल हो । तत्कालीन दुई दुष्मनी शक्ति यतिबेला मित्र शक्तिजस्तो देखिएको छ ।

चीनका लागि नेपाली पूर्वराजदूत डा. टंकी कार्कीका अनुसार राजनीतिक दर्शन, कार्यक्रम, नीति, विचार आदिका दृष्टिले भने दुई दलबीच छेउटुप्पो मिल्दैन । हुन पनि ओलीको दल एमाले संघीय लोकतान्त्रिक गणतन्त्र स्वीकार्छ । धर्मनिरपेक्षता स्वीकार्छ । लिङ्देन नेतृत्वको राप्रपा चाहिँ गणतन्त्रको विकल्प राजतन्त्र र संघीयताको सट्टा एकात्मकतासँगै धर्मनिरपेक्षताको विकल्प हिन्दुराष्ट्र भन्छ । राजनीतिक रूपमा यसरी भिन्न ध्रुवका नेताहरू ओली-लिङ्देनबीच २०७७ पछि राजनीतिक सम्बन्ध अझ मजबुत भएको हो ।

५ पुस २०७७ मा ओलीले गरेको संसद् विघटनलाई लिङ्देनको दल राप्रपाले विरोध गरेन । कांग्रेस, तत्कालीन नेकपाको दाहाल-नेपाल समूह, जसपा, जनमोर्चासहितका दलहरूले विरोध गरे । यी दलहरूले लिङ्देनको दल राप्रपालाई जसरी तत्कालीन नेकपाको ओली र उनको समूहलाई प्रतिगामी भने । फेरि, ओली पनि यहीबेला हिन्दु धार्मिक नेताजसरी प्रकट भए । जबकि, कम्युनिस्टका लागि धर्म अफिम भन्ने गरिन्छ । यद्यपि, ओलीले प्रमाणीकरण नै नभएता पनि चितवनको अयोध्यापुरलाई राम सीताको जन्मथलो भन्दै प्रचार गर्न थ्याए ।

(क्रमशः पृष्ठ २ मा)

# सरकारी जग्गा हडपेको आरोपमा अरूण चौधरी पक्राउ



- बाँसबारी छालाजुत्ता कारखानाको १० रोपनी जग्गा घोटाला आरोपमा अरूण चौधरीलाई सिआइबीले नियन्त्रणमा लिएको हो
- यही प्रकरणमा सिआइबीले कारखानाका तत्कालीन सञ्चालक समिति अध्यक्ष अजितनारायणसिंह थापा र चाँदबाग स्कुलका अध्यक्ष सञ्जय ठाकुरलाई पनि पक्रेको छ
- बाँसबारी छालाजुत्ता कारखानाको नाममा रहेको १० रोपनी सरकारी जग्गा हाल चाँदबाग रिजेन्सी प्रालिको नाममा छ र त्यहाँ चाँदबाग स्कुल सञ्चालन भइरहेको छ

■ प्रभाव संवाददाता

**काठमाडौं-** डलर अर्बपति विनोद चौधरीका भाइ अरुण चौधरी पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले चौधरीलाई लैनचौरबाट पक्राउ गरेको जनाएको छ । बाँसबारी छाला जुत्ता कारखानाको १० रोपनी जग्गा घोटाला आरोपमा चौधरीलाई सिआइबीले नियन्त्रणमा लिएको हो ।

सिआइबीले तत्कालीन सञ्चालक समिति अध्यक्ष अजितनारायणसिंह थापालाई पनि पक्राउ गरेको छ । थापालाई बत्तीसपुतलीबाट पक्राउ गरिएको सिआइबीका प्रवक्ता तथा प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । 'व्यवसायी अरुण चौधरी र तत्कालीन अध्यक्ष थापालाई पक्राउ गरिएको हो, बाँकी जानकारी पछि सार्वजनिक हुने छ,' अधिकारीले भने ।

जग्गा घोटाला प्रकरणमा पक्राउ परेका व्यवसायी चौधरी र छालाजुत्ता कारखानाका तत्कालीन सञ्चालक समितिका कार्यकारी प्रमुख थापालाई चार दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ । जिल्ला अदालत काठमाडौंका न्यायाधीश माधवप्रसाद घिमिरेको इजलासले चौधरी र थापालाई आवश्यक अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति दिएको जिल्ला अदालतका सूचना अधिकारी चन्द्रप्रसाद पन्थीले बताए । यसैबीच चौधरी र थापाको स्वास्थ्यमा समस्या देखिएपछि बसुन्धरामा रहेको चिरायु अस्पतालमा भर्ना गरिएको छ । थापा मुटुको रोगी र चौधरी उच्च रक्तचापको रोगी रहेको प्रहरीले जनाएको छ ।

यही प्रकरणमा अपराह्न सीजी चाँदबागका अध्यक्ष सञ्जय ठाकुरलाई पनि पक्राउ परेका छन् । ठकुरलाई आज अदालतमा उपस्थित गराएर म्याद थप गर्ने तयारी छ । पहिले बाँसबारी छालाजुत्ता कारखानाको नाममा रहेको १० रोपनी सरकारी जग्गा हाल चाँदबाग रिजेन्सी प्रालिको नाममा छ र त्यहाँ चाँदबाग स्कुल सञ्चालन भइरहेको छ ।

### राष्ट्रपतिका सल्लाहकार सिआइबीमा

थापा पक्राउ परेपछि राष्ट्रपति रामचन्द्र पौडेलका राजनीतिक सल्लाहकार सुनिल थापा सिआइबी पुगेका थिए । सुनिल पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाका छोरा हुन् । अजितनारायणसिंह सुनिलका आफन्त हुन् ।

(क्रमशः पृष्ठ २ मा)

# 'अबको प्रधानमन्त्री माधव नेपाल'

■ प्रभाव संवाददाता



**काठमाडौं-** नेपाली कांग्रेसका नेताहरूले अब माधव नेपाल प्रधानमन्त्री बन्ने बताएका छन् । बुधबारमात्र दाङ पुगेर नेता विमलेन्द्र निधिले अबको प्रधानमन्त्री नेपाल हुने बताएका थिए ।

'पहिलो चरणमा माओवादी, दोस्रो चरणमा एकीकृत समाजादी जसले कांग्रेसलाई साथ दियो, माधव नेपाललाई प्रधानमन्त्रीमा अवसर दिनुपर्छ, त्यसपछि हाम्रो सभापति प्रधानमन्त्री हो,' निधिले भनेका थिए । पाँच वर्षे अवधिको अन्तिम दुई वर्ष नेपाली कांग्रेस सभापति देउवाले नेतृत्व सम्हाल्दै २०८४ मा निर्वाचन गराउने गरी सहमति भएको हुँदा अहिलेको सत्ता गठबन्धन टिकाउन सबै लाग्नुपर्ने उनको भनाइ थियो ।

नेता निधिले अहिले संयुक्त सरकार भएकाले निर्वाचनमा जनतासँग बाचा गरेअनुसार काम हुन नसके पनि गठबन्धनको आवश्यकता भने आगामी निर्वाचनसम्म हुनुपर्नेमा जोड दिए । 'अहिलेको गठबन्धन भत्काउन खोज्नु भनेको आफ्नै खुट्टामा बन्चरो हान्नु जस्तै हो, सत्ता साझेदारबीच भएको सहमति कार्यान्वयनको बाटोमा सबै इमान्दारपूर्वक लाग्नुपर्छ । त्यसैले गठबन्धनको विरोध गर्ने होइन, कसरी आगामी निर्वाचनसम्म जान सकिन्छ, त्यसतर्फ लाग्ने हो,' नेता निधिले भने ।

बिहीबार पूर्व महामन्त्री डा शशांक कोइरालाले पनि नेपालको पालो आइसकेको बताए । पूर्वी नवलपरासीस्थित कावासोती पुगेका कोइरालाले नेपालको पालो आइसक्दा पनि पुष्पकमल दाहालले प्रधानमन्त्री पद नछाडेको दाबी गरे । 'उहाँहरूको अन्डरस्ट्यान्डिङअनुसार अब माधवकुमार नेपाल प्रधानमन्त्री हुनुपर्ने हो । त्यसपछि शेरबहादुर देउवाजी हुनुपर्ने हो,' कोइरालाले भने, 'यो कुरा भन्न हुन्छ कि हुँदैन तर भन्छु, प्रचण्डजी अत्यन्त स्रिउड(धुर्त) मान्छे हुनुहुँदो रहेछ, म्यानिपुलेटेड ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# छ सय बढी ठग्ने सुजन प्रहरीको फन्दामा

■ प्रभाव संवाददाता

**काठमाडौं-** एजुकेसनल कन्सल्टेन्सी चलाएर वैदेशिक रोगजारीको धन्दा चलाउँदै ६ सयभन्दा बढी व्यक्तिबाट करोडौं रूपैयाँ ठगी गरेको आरोपमा एक जना पक्राउ परेका छन् । ललितपुरको कोन्ज्योसोम गाउँपालिका-४ घर भएका ३२ वर्षीय विकास वाइबा भनिने सुजन तामाङलाई प्रहरीले पक्राउ गरेको हो ।

बुधबार पुल्चोकबाट पक्राउ परेका तामाङलाई प्रारम्भिक अनुसन्धानपश्चात प्रहरीले बिहीबार सार्वजनिक गरेको हो । अनुसन्धानका क्रममा सुजनले नक्कली परिचय दिई एजुकेसन कन्सल्टेन्सी सञ्चालन गरी युरोपेली मुलुक माल्टा, पोल्यान्ड, क्रोएसिया र क्यानडालगायतका देशहरूमा पठाइदिन्छु भनी प्रलोभनमा पारी छ सयभन्दा बढी व्यक्तिबाट करोडौं रकम ठगी गरेको देखिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिए ।

प्रहरीले सार्वजनिक गरेको विवरणअनुसार तामाङले २०७३ सालबाट अयुष म्यानपावरलगायत विभिन्न मेनपावरमा एजेन्टका रूपमा करिब पाँच वर्ष खाडी तथा मलेसियामा नेपाली कामदार पठाउने काम गर्थे भने २०७७ सालमा ठगी तथा अपराधिक लाभसम्बन्धी कसुर मुद्दामा फरार रही नेपाल तथा भारतको विभिन्न स्थानमा लुकीछिपी बसेको देखिएको छ । तत्पश्चात आफ्नो परिचय बदलेर २०८० वैशाखदेखि विकास वाइवाको नामबाट बालाजुमा युरो विङ्स एजुकेसन कन्सल्टेन्सी सञ्चालन गर्दै आएको पनि अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । सोही कन्सल्टेन्सीबाट उनले ठगी धन्दा चलाएको भेटिएको छ ।

तामाङले सरकारी निकायका कर्मचारीलाई समेत ठगी गर्न सफल भएको देखिएको छ । उनले सरकारी कर्मचारीलाई युरोप पठाउने भनी रकम लिई नक्कली भिसा देखाई जागिर छाड्न लगाएको पनि प्रहरीले उल्लेख गरेको छ । साथै विकास वाइबाको नामबाट बैंक खाता खोली आफैले हस्ताक्षर गरी बैंक तथा वित्तिय संस्थामार्फत आर्थिक कारोबार गर्ने गरेको अनुसन्धानबाट खुलेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै वैदेशिक रोजगारीको लागि तामाङले युरोपेली मुलुकमा पठाइदिने भन्दै माल्टाका लागि आठ लाख रूपैयाँ, पोल्यान्डका लागि सात लाख रूपैयाँ, क्रोएसियाका लागि छ लाख ५० हजार रूपैयाँ र क्यानडाका लागि १८ लाख रूपैयाँका दरले ठगी गरेको फेला परेको प्रहरी नायव उपरीक्षक अनिल घिमिरेले जानकारी दिए । तामाङले छ सयभन्दा बढी व्यक्तिसँग न्युनतम ५० हजारदेखि पाँच लाख रूपैयाँसम्म रकम लिएको देखिएको छ ।

ठगी गरेको रकमबाट चार करोड रूपैयाँ व्यक्तिगत ऋण तिरेको, राप्ती म्यानपावरको ५० प्रतिशत शेयर खरिद गरेको, हुन्डाईको क्रेटा गाडी खरिद गरेको, भाइको खातामा १५ लाख ५० हजार रूपैयाँ जम्मा गरेको, जलविद्युत सहकारी संस्थाबाट लिएको १५ लाख रूपैयाँ ऋण तिरेको तथा पाँच लाख रूपैयाँको सुनको ब्रास्लेट खरिद गरेको विवरणसमेत काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले सार्वजनिक गरेको छ ।

वैदेशिक रोजगार विभागका अनुसार हालसम्म ७० जनाको मुद्दा दर्ता भई तीन करोड २५ लाख २२ हजार रूपैयाँ बिगो देखिन आएको छ । लामो समयदेखि फरार रहेका तामाङलाई थप अनुसन्धान तथा कारवाहीको लागि विभाग ताहचलमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।

# साउदीमा थप ४९ जनालाई 'एक्जिट भिसा'

**काठमाडौं, (प्रस)-** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ४९ जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन् । साउदीस्थित नेपाली राजदूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र अकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो । गैरकानुनी रूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीति अनुरूप तीन हजार बढी नेपालीहरूले विभिन्न मितिमा एक्जिट भिसा पाइसकेको दूतावासले जनाएको छ ।

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ । दूतावासले इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि अकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने प्रस्ट पारेको छ । साथै अप्ठेरोमा परेका नेपालीहरूले आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्धास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न सकिने बताइएको छ ।


कर्मचारी आवश्यकता




यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यक( ता परेकाले योग्य व्यक्तिहरूबाट आफ्नो बायोडाटा सहित यथाशिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

पब्लिक रिलेसन अफिसर (PRO): ४ जना (पुरूष/महिला)
एच.आर. अफिसर (HR Officer): २ जना (पुरूष/महिला)

तलव आपसी समझदारीमा

अनुभवः कम्तीमा २ वर्ष म्यानपावर फिल्डको अनुभव भएको हुनुपर्नेछ ।

Green Tara International Overseas Pvt.Ltd.
Damodar Marg Jawalakhel, Lalitpur 44600
Tel: 01-5442013, 01-5442024 , Mobile: 9851340062
Email: career@greentataintl.com

# नेपाली चिकित्सकबाट पहिलोपटक कलेजोको सफल प्रत्यारोपण



**काठमाडौं–** नेपालमै अब कलेजोको सफल प्रत्यारोपण हुने भएको छ। त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पताल महाराजगञ्जमा नेपालमै पहिलोपटक नेपाली चिकित्सकबाट कलेजोको सफल प्रत्यारोपण गरिएको हो । यसअघि भारतमा तथा नेपालमै पनि भारतीय चिकित्सकको सहयोगमा कलेज प्रत्यारोपण गर्ने गरिएकामा अब नेपालमै नेपाली चिकित्सिकले नै यो काम गर्ने भएका हुन् ।

अस्पतालका कलेजो प्रत्यारोपण युनिटका प्रमुख प्रा.डा. रमेशसिंह भण्डारीको नेतृत्वमा गत पुस २७ गते नेपाली चिकित्सकको टोलीले ४१ वर्षीय पुरुषमा कलेजोको सफल प्रत्यारोपण गरेको हो । त्यसपछि नेपालमै नेपाली चिकित्सकले कलेजोको प्रत्यारोपण गर्न सक्छौं भन्ने आत्मविश्वास बढेको उनको भनाइ छ ।

'हामी नेपालमै कलेज प्रत्यारोपणमा सक्षम भएका छौं । नेपालमै कलेजो प्रत्यारोपणका लागि यो ऐतिहासिक र कोसेढुंगा हो,' उनले भने, 'यसअघि हामी विदेशी चिकित्सकको सहयोगमा कलेजो प्रत्यारोपण गर्दै आइरहेका थियौं ।' उनका अनुसार यसअघि अस्पतालमा कलेजो प्रत्यारोपण गर्न भारतीय चिकित्सकको सहयोग लिने गरिन्थ्यो । अस्पतालमा गरिएको यो कलेजो प्रत्यारोपण ११औं सफल प्रयास हो ।

अस्पतालमा गत पुस २७ गते नुवाकोटका ४१ वर्षीय पुरुषमा कलेजो प्रत्यारोपण गरिएको थियो । ती पुरुषलाई ४० वर्षे श्रीमतीले कलेजो दान गरेका थिए । चिकित्सक डा. भण्डारीले दुवैको स्वास्थ्य राम्रो रहेको बताए । उनका अनुसार कलेजोको सफल प्रत्यारोपण गरेका बिरामी अहिले स्वस्थ्य भई बिहीबार बिहान डिस्चार्ज भएका छन् । उनकी श्रीमती भने १० दिनमा डिस्चार्ज भएका थिइन् ।

वरिष्ठ कलेजो रोग विशेषज्ञ डा. भण्डारीले ५० जना चिकित्सकसहितको टोलीले करिब १२ घण्टामा ती पुरुषमा कलेजो प्रत्यारोपण गरिएको बताए । अस्पतालमा कलेजो प्रत्यारोपणका लागि २५ देखि ३० लाख रूपैयाँ खर्च लाग्छ । विदेशमा भने कलेजो प्रत्यारोपण गर्न करिब एक करोड रूपैयाँ लाग्छ ।

नेपालमा सरकारी त्रिवि शिक्षण अस्पताल र मानव अंग प्रत्यारोषण केन्द्रमा कलेजो प्रत्यारोपण गरिन्छ । प्रत्यारोपण केन्द्रमा सन् २०१६ र त्रिवि शिक्षण अस्पतालमा सन् २०१९ बाट कलेजो प्रत्यारोषण सुरु गरिएको हो । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### पार्टीको एजेन्डा...

तर, भिन्न राजनीतिक धारका यी दुई नेताबीचको राजनीतिक सम्बन्ध तिक्ततापूर्ण छ । यसको फाइदा अन्ततः लिङ्देनलाई मिल्यो । संसदमा हिन्दु राष्ट्र र राजसंस्थाको पक्षमा लगातार उठाएको मुद्दाले सम्बर्द्धनवादी शक्ति भनिएको राप्रपाभित्र लिङ्देनको लोकप्रिय छविसमेत बन्यो । यसको लाभसँग नेताहरू डा. प्रकाशचन्द लोहनी, डा. धवलशम्शेर जबरालगायतको साथ मिल्दा २ वर्षअघि राप्रपा अध्यक्ष बने । उनकै नेतृत्वमा एक वर्षअघि चुनावमा गएको राप्रपा अहिले १४ सिटसहित पाँचौ दल भएको छ । राष्ट्रिय राजनीतिमा शक्ति सञ्चय भएको छ । उनको जितमा फेरि पनि भूमिका भने ओली र उनको दल एमालेकै रह्यो । किनभने राप्रपा झापा-३ मा गत वर्षको निर्वाचनमा एमाले-राप्रपा गठबन्धन थियो । गठबन्धनको तर्फबाट लिङ्देनको जित सम्भव भएको हो । यहाँ लिङ्देनले एक्लै चुनाव जित्ने पार्टी संगठन छैन । यसरी संसदीय राजनीतिमा उदाएका नेता लिङ्देन उपप्रधान तथा ऊर्जामन्त्री भइसकेका छन् । अर्थात् सत्ताको स्वाद उनले चाखिसकेका छन् ।

### सहकार्य चुनावीदेखि...

प्रधानमन्त्रीकै सरकारी निवास बालुवाटारमै राज्य कोषबाट राम सीताको मूर्ति बनाए । हिन्दुहरूको आराध्यादेव पशुपतिनाथ मन्दिरमा सुनको जलहरी लगाउन बजेट छुट्ट्याए । प्रतिनिधिमूलक यी गतिविधिले ओली कम्युनिस्ट नेताभन्दा पनि हिन्दुधार्मिक नेता जसरी प्रकट भए । अर्कातिर, ओलीकै दल एमालेका नेता महेश बस्नेतले देशलाई हिन्दुराष्ट्र बनाउनुपर्छ भन्ने एजेन्डा त्यहीबेला पार्टीको केन्द्रीय समिति बैठकमा उठाए । यो एजेन्डा लिङ्देन नेतृत्वको राप्रपाले डेढ दशकयता उठाउँदै आएको छ । तर, समर्थन पनि ओलीकै विश्वास पात्र मानिएका बस्नेतले गरे । यी दृष्टान्तहरूले पनि ओली-लिङ्देन सहकार्य सम्भव भएको राप्रपाकै पूर्वमन्त्री रामकुमार सुब्बा बताउँछन् ।

परिणामतः ओलीले लिङ्देनको दल राप्रपासँग गत वर्षको ३० वैशाखमा भएको स्थानीय तह र गत वर्षकै ४ मंसिरमा भएको प्रदेश र प्रतिनिधिसभा चुनावमा चुनावी गठबन्धन भयो । ठाउँठाउँमा राप्रपाको भोट मद्दतले एमाले उम्मेदवार र एमालेको भोटले राप्रपा उम्मेदवारले चुनाव जिते । अन्ततः १० पुस २०७९ मा माओवादी अध्यक्ष दाहाल नेतृत्वमा सरकार बन्दा पनि ओलीकै इसारामा लिङ्देनले आफ्नो दल राप्रपालाई सत्ता गठबन्धनमा समावेश गरेका थिए । जतिबेला उनी दाहाल सरकारमा उपप्रधान तथा ऊर्जामन्त्री भए । तर, जब एमाले सरकारदेखि बाहिरियो, लिङ्देनले राप्रपालाई पनि सरकारदेखि अलग राखे ।

यति मात्रै होइन, कोशी प्रदेशमा एमालेका हिक्मत कार्की नेतृत्वको सरकारमा पटकपटक लिङ्देनको दल राप्रपाले सहकार्य गऱ्यो । हाल दुवै शक्ति सडक मोर्चामा छन् ।

ओलीले ग्रास रुट अभियानदेखि झुलाघाट-चिवाभञ्ज्याङ संकल्प समृद्धि अभियानमार्फत् सरकारको कडा शब्दमा आलोचना गरेका छन् । फागुनको दोस्रो सातादेखि लिङ्देनले आफू नेतृत्वको दल राप्रपालाई आन्दोलनमा लाँदैछ । लिङ्देनले हिन्दुराष्ट्र र राजतन्त्र पुनःस्थापना तथा प्रदेश खारेजीको मागसहित आफ्नो दललाई आन्दोलनमा लाने भएका छन् । यसरी ओलीपछि लिङ्देन नेतृत्वको राप्रपा सरकारविरुद्ध आन्दोलन गर्न सडकमा जान लागेको हो ।

### सरकारी जग्गा...

आफन्त पक्राउ परेको खबर सार्वजनिक हुनसाथ सुनिल लाजिम्पाटस्थित सिआइबी कार्यालय पुगेर सिआइबी प्रमुख किरण बज्राचार्यसँग आधा घण्टा छलफल गरेका थिए । सुनिलको भेटले चौधरीलाई हिरासतको म्याद नथप्ने आशंका गरिएको थियो ।

### 'निजी क्षेत्रलाई त्रसित पार्न खोजियो'

व्यवसायी अरुण चौधरीको पक्राउलाई लिएर व्यवसायीले आपत्ति जनाएको छ । चौधरी पक्राउ पर्नसाथ नेपाल उद्योग परिसंघ (सीएनआई) ले आकस्मिक पत्रकार सम्मेलन गर्दै यस्तो आपत्ति जनाएको हो । 'उहाँ(चौधरी) देश छोडेर कतै जान लाग्नुभएको थिएन । तर आज राज्यले एक व्यवसायीलाई मात्र नभएर सम्पूर्ण निजी क्षेत्रलाई नै त्रसित बनाउने गरी धरपकडशैलीमा पक्राउ गरेको छ । यसप्रति निजी क्षेत्रको घोर आपत्ति छ,' पत्रकार सम्मेलनपछि जारी सीएनआईको विज्ञप्तिमा उल्लेख छ ।

मुलुकको पुँजी निर्माणमा निजी क्षेत्रको योगदान उल्लेख्य भएको दाबी गर्दै उद्योगीले उपेक्षा नगर्न चेतावनीसमेत दिएको छ । 'देशको पुँजी निर्माणमा निजी क्षेत्रको योगदान ७७% माथि छ । नेपाल सरकारले पनि निजी क्षेत्रको योगदानलाई महसुस गरी हाल नीति तथा कानुन निर्माणमा निजी क्षेत्रलाई समेत सामेल गराउन थालेको छ,' विज्ञप्तिमा भनिएको छ, 'जसलाई हामीले सकारात्मक रूपमा नै लिएका छौं । आजको यस घटनाले सरकारले आर्थिक समृद्धिमा निजीक्षेत्रको उपदेयीतालाई उपेक्षा गरेको हो कि भन्ने सोच्न हामीलाई बाध्य तुल्याएको छ ।'

सरकारले वैशाखमा गर्न लागेको लगानी सम्मेलन यस्तै रहे असफल हुने व्यवसायीको दाबी रह्यो । चौधरी पक्राउको घटनाले लगानी सम्मेलन विथोलिने वातावरण तयार भएको विज्ञप्तिमा उल्लेख छ । 'सरकारले एकातिर ठूलो महत्त्वाकांक्षाका साथ लगानी सम्मेलनको तयारी भइरहेको भन्ने र अर्कोतर्फ समानान्तररूपमा उद्योगी व्यवसायीहरूमाथि धरपकडको डन्डा बर्साइरहने हो भने यो द्वैध व्यवहारले विदेशी त के स्वदेशी लगानीकर्ता पनि सरकारको आश्वासनबाट तर्सने प्रष्ट छ । यसले लगानीको वातावरण विथोल्नेबाहेक अरु केही गर्दैन,' सीएनआईले भनेको छ ।

### कांग्रेस नेता...

उहाँले प्रधानमन्त्री पद सजिलै छाड्नु होला जस्तो लाग्दैन ।'

### दाहालको बोलीमा नेपाल रुष्ट

एकीकृत समाजवादीका अध्यक्ष नेपालले प्रधानमन्त्री पुष्पकमल दाहालेका पछिल्लो अभिव्यक्तिप्रति रुष्ट सुनिएका छन् । राजदरबार हत्याकाण्डबारे प्रधानमन्त्री दाहालले दिएको अभिव्यक्तिप्रति नेपालले असन्तुष्टि जनाएका हुन् ।

'त्यो बेला तत्कालीन राजा ज्ञानेन्द्र मानिरहेका थिएनन् । उनी राजा त भइसकेका थिएनन्, उनले भनिरहेका थिए । म आफैं गर्छु छानबिन भनेका थिए । तपाईंको छानबिन कोही मान्नेवाला छैनन् भन्ने मान्छे मै हुँ । छानबिन आयोग बनाउन त बनाए, मलाई पनि जोडिदिए । राजा वीरेन्द्रको अन्तिम संस्कार भइरहेको बेलामा आर्यघाटमा म थिएँ,' बिहीबार जनकपुर पुगेर नेपालले भने, 'सभामुख तारानाथ रानाभाट, प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायको छानबिन आयोगले छानबिन गऱ्यो । कति सबै ल्याउन सक्यो । सकेन आफ्नो ठाउँमा छ । अहिले प्रधानमन्त्रीजीले फेरि छानबिन गर्ने कुरा गर्नुभयो । यस्ता कुराका बारेमा अलि सरसल्लाह गरेको भए राम्रो हुन्थ्यो । हामीसँग पनि सल्लाह भएको छैन । हाम्रो प्रचण्डजी छिटो बोलिहाल्नुहुन्छ । ओलीजी अलि पछि गृहमन्त्री भई प्रधानमन्त्री पनि भएकाले उहाँले धेरै सूचना पाउनुभएको छ कि उहाँलाई सोध्नुपर्ला ।'

### कांग्रेसले बोलायो बैठक

सत्तारुढ दल नेपाली कांग्रेसले संसदीय दलको बैठक बेलाएको छ । आज दिउँसो २ बजे नयाँ बानेश्वर स्थित संघीय संसद् भवनको ल्होत्से हलमा बैठक बोलाएको हो । समुदायमा कांग्रेस अभियानमा व्यस्त रहेको कांग्रेसले बैठक बोलाउनुका कारण खुल्न सकेको छैन । संघीय संसद्को बैठक माघ २२ गते बस्दैछ ।


## शुभलाभ बचत तथा ऋण सहकारी संस्था लि.
SHUVA LAV SAVING & CREDIT COOPERATIVE LTD.


का.म.न.पा.-१४, कुलेश्वर, काठमाडौं, फोन नं.०१-४३०१७०८, ५३७१०३७

### कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना

प्रकाशित मिति: २०८०/१०/१९ (शुक्रबार)

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी संस्थाले उपयोग गरेको कर्जाको साँवा ब्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा हाल सम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धी मौखिक तथा लिखीत पत्रद्धारा सूचना गर्दा समेत धितो कर्ता एवं संस्थाले तिर्न बुझाउन पर्ने कर्जाको साँवा ब्याज र हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितीले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा लागेको दैदस्तुर समेत बुझाउन हुन सम्बन्धित ऋणी र धन जमानी तथा व्यक्तिगत जमानी कर्ताहरुलाई सुचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पुर्ण कर्जा रकम चुक्ता भुक्तान नगरेमा ऋण लिदा यस संस्थालाइ लेखाइ दिएको धितो लिलाम बिक्री गरी यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर गरी लिने समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ । साथै संरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा वा कथम कदाचित धितोबाट असुल उपर हुन नसकेमा वा असुल उपर नभएमा ऋणी सदस्यको वा नीजको एकाघर सगोल परिवारको नाममा रहेको चल अचल सम्पत्ति वा ऋण लिदा दृष्टिबन्धकी दिने व्यक्ति एवं जमानी दिनेका नाममा रहेको तथा अन्य जायजेथा सम्पत्तिबाट सहकारी ऐन नियमावली तथा प्रचलित कानुन बमोजिम धितो बन्धक रहेको सम्पत्ति लिलाम समेत गरी असुल उपर गरी लिने तथा धितो कर्ताहरुलाई कालो सुचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराइन्छ ।

तपशिल

| ऋणीको नाम | धनजमानी दिनेहरु |
|---|---|
| नाम : मधु सुधन पाठकसमेत<br>स्थायी ठेगाना: कोशीदेखा वार्ड न ०१,<br>बाबु : गोपीकृष्ण पाठक<br>बाजे: देवी प्रसाद पाठक  | नाम : शुशिल सिग्देल<br>स्थायी ठेगाना: मेथिनकोट वार्ड न ८<br>हाल का.म.न.पा ०४<br>बाबु : छवि रमन सिग्देल<br>बाजे: मोदनाथ सिग्देल  |
| नाम : पुरुषोत्तम हुमगाइ<br>स्थायी ठेगाना : डराउने पोखरी वार्ड न १<br>हाल का.म.न.पा १४ कुलेश्वर<br>बाबु : मुक्तिनाथ हुमगाइ<br>बाजे: गोपीकृष्ण हुमगाइ  | नाम : मधु सुधन पाठक<br>स्थायी ठेगाना : कोशीदेखा वार्ड न ०१,<br>बाबु : गोपीकृष्ण पाठक<br>बाजे : देवी प्रसाद पाठक  |

| क्र सं | जग्गा धनीको नाम | जिल्ला | न.पा /गा.बि.स | वडा नं/सिट नं | कित्ता नं | जग्गा धनीको हक हिस्सा | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मधु सुधन पाठक | चितवन | शारदानगर | ९ | १७३९ | एकलौटी | २५३.९५ | |
| २ | मधु सुधन पाठक | चितवन | शारदानगर | ९ | २१२ | एकलौटी | १२१९.०५ | |
| ३ | मधु सुधन पाठक, परुषोतम हुमगाइ, समेत | चितवन | मंगलपुर | २ | ७५४ | संयुक्त | १०३२.८२ | |
| ४ | मधु सुधन पाठक, परुषोतम हुमगाइ, समेत | चितवन | मंगलपुर | २ | ७५५ | संयुक्त | ३१३.२१ | |
| ५ | मधु सुधन पाठक, परुषोतम हुमगाइ, समेत | चितवन | मंगलपुर | ७ | १५९ | संयुक्त | ८४६.५६ | |
| ६ | परुषोतम हुमगाइ मधु सुधन पाठक | चितवन | मंगलपुर | ७ | १६० | संयुक्त | ४२३.२८ | |



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SELECTIVE MANPOWER SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०८०/१०/१८ LT. No.299218 चलानी नं. ६०२१४१६८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Factory Hand | 100 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २६ गते (9th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टामिपङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Saudi Nepal Recruitment Agency Pvt.Ltd.

श्रम ईजाजत न .७९७/०६५/०६६

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

माघ १९ गते २०८०, शनिबार

| | |
|---|---|
| **मेष** | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| **वृष** | आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् । |
| **मिथुन** | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| **कर्कट** | प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ । |
| **सिंह** | नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ । |
| **कन्या** | प्रेममा मनमुटावका साथै मन कमजोर रहला । धर्मकर्म |
| **तुला** | तथा समाज सेवामा मन लाग्नेछ । |
| **वृश्चिक** | स्वास्थ्य क्षेत्रमा सजगता अपनाउनु होला । |
| **धनु** | दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला । |
| **मकर** | रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । |
| **कुम्भ** | अरूको मुख नताकी सही निर्णय लिन सके प्राप्त होला । |
| **मीन** | प्रेमसम्बन्ध र प्रणयप्रसंगका लागि श्रेष्ठ समय रहेको छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

माघ १९ गते, २०८०, २ फेब्रुअरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६२ | १३३.२२ |
| युरो | १ को | १४४.४२ | १४५.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.५८ | १६८.३४ |
| स्विस फ्रैन्क | १ को | १५४.१० | १५४.८० |
| अस्ट्रेलियन डलर | १ को | ८७.५५ | ८७.९५ |
| क्यानाडियन डलर | १ को | ९८.२९ | ९८.७३ |
| सिंगापुर डलर | १ को | ९८.९२ | ९९.३७ |
| जापानी येन | १० को | ९.०४ | ९.०८ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.३६ | ३५.५२ |
| कतारी रियाल | १ को | ३६.३६ | ३६.५२ |
| थाई भाट | १ को | ३.७५ | ३.७७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.११ | ३६.२७ |
| मलेसियन रिङ्गेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९२ | ९.९७ |
| स्विडिस क्रोनर | १ को | १२.७४ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.३६ | १९.४५ |
| हङकङ डलर | १ को | १६.९५ | १७.०३ |
| कुवेती दिनार | १ को | ४३०.९५ | ४३२.९० |
| बहराइन दिनार | १ को | ३५१.८१ | ३५३.४० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट घघघ।लचदा।यचन।लउ मा उपलब्ध हुनेछ ।

# खुलामञ्च अब प्राकृतिक दुबोसहितको घाँसेचउर बन्ने

■ प्रभाव संवाददाता



**काठमाडौं–** काठमाडौं महानगरपालिकाले खुलामञ्चलाई प्राकृतिक दुबोसहितको घाँसेचउर बनाउने भएको छ । महानगरले यसको काम थालेको जानकारी दिएको छ । 'अहिले ग्रेडर लगाएर मैदानमा भएका ढुंगा टिप्न थालिएको छ । सतहमा भएका सबै ढुंगा टिपेपछि मलिलो माटोको सतह बनाइने छ । यसमाथि प्राकृतिक दुबो रोपिने छ,' महानगरको सहरी योजना आयोगका उपाध्यक्ष डा. सुमननरसिंह राजभण्डारीले भने ।

दुबोसहितको चउर भएपछि जनसाधारणको बहुउपयोगमा आउने उनले बताए । 'बिहान शारीरिक अभ्यास गर्न सकिने छ । व्यवस्थित सार्वजनिक कार्यक्रम गर्ने स्थान हुने छ । मर्निङ वाक गर्न सकिने छ । बालबालिका र युवालाई खेल्ने तथा रमाउने ठाउँ हुने छ,' राजभण्डारीले भने ।

महानगरका पूर्वाधार सल्लाहकार सुनिल लम्सालले उवडखावड भएको मैदानलाई समथर बनाउने, आवश्यकताका आधारमा सबै खालका सार्वजनिक उपयोगका लागि उपयुक्त बनाउने योजना रहेको बताए । 'खेल मैदानको जस्तो कृत्रिम दुवो लगाउने कुनै योजना छैन,' उनले भने ।

अहिले दैनिक ५० जना जनशक्ति परिचालन गरेर जमिनमा भएका मसिना ढुंगासमेत टिप्न लगाएको महानगरले जनाएको छ । यसअघि खुलामञ्चमा फुटबल मैदान बनाउने तयारी भएको भन्दै महानगरको सर्वत्र आलोचना भएको थियो । २०७२ को भूकम्पपछि उक्त स्थानमा विभिन्न कंक्रिट राख्नुका साथै अस्थायी संरचनासमेत निर्माण गरिएको थियो । विद्यासुन्दर शाक्य महानगर प्रमुख हुँदा केही भागमा बसपार्क बनाई त्यहाँ सटर बनाएर भाडामा लगाइएको थियो । तर खुलामञ्च बचाऔं अभियानको विरोधपछि उक्त संरचना पछि भत्काइएको थियो ।

# विपद्बाट जोगिन उत्तम विकल्प पूर्वतयारी

**काठमाडौं (प्रस)–** सरोकारवाला विज्ञहरूले भूकम्पजस्ता विपद् जुनसुकै बेला पनि जानसक्ने भएकाले त्यसबाट बच्न आवश्यक पूर्वतयारी नै उत्तम विकल्प भएकामा जोड दिएका छन् ।

'भूकम्प प्रविधिका लागि राष्ट्रिय समाज नेपाल'ले बिहीबार यहाँ आयोजना गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विषयक अन्तर्क्रियामा उनीहरूले विपद्बाट जोगिन त्यसको तयारीमा सधैं रहिरहनुपर्ने बताएका हुन् । कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अनिल पोखरेलले प्राधिकरणले विपद्पछिको पुनःस्थापनालगायत विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा गरेका कामका बारेमा जानकारी गराए ।

साथै, उनले आमनागरिकमा स्थानीय प्रविधि र सामग्रीबाट बनाइएका घर पनि भूकम्पप्रतिरोधक हुनेबारेमा सचेतना जगाउनु आवश्यक रहेको बताउँदै गाउँघरतिर सिमेन्टबाट बनाइएका घरमात्र बलिया हुन्छन् भन्ने आमधारणा परिवर्तन गर्नुपर्नेमा जोड दिए । चन्द्रगिरि नगरपालिकका नगरप्रमुख घनश्याम गिरीले विपद्मा बच्न के गर्ने र कसरी गर्ने भन्ने सन्दर्भमा नयाँ तथा व्यवहारिक शिक्षा आमनागरिकमा पुऱ्याउनुपर्ने बताए । साथै उनले विपद्पछिको बस्ती पुनःस्थापनामा नागरिकको चित्त बुझाएर नयाँ ढंगले गुरुयोजना बनाई अघि बढ्नुपर्ने सुझाव दिए ।

कार्यक्रममा खानी तथा भूगर्भ विभागका उपमहानिर्देशक मोनिका झा, प्राधिकरणका सहसचिव भरतमणि पाण्डेय, समाजका अध्यक्ष डा. अमोदमणि दीक्षितलगायतले भूकम्पजस्ता विपद्को भविष्यवाणी गर्न नसकिने भएकाले यसको जोखिमबाट बच्न पूर्वतयारी नै उत्तम विकल्प रहेकामा जोड दिए ।


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१०/१९ गते)

श्री कमान सिंह घर्तिको नाति, तुलसीराम घर्तिको छोरा, चन्द्रकला घर्तिको पति रुकुम पश्चिम जिल्ला, मुसिकोट न.पा वडा नं ०७ लामटुरा (साविक: साँख वडा नं. ०७ लामटुरा) बस्ने पदम बहादुर घर्तिको मिति २०८०/०८/०४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको मुसिकोट शाखामा रहेको बचत खाता नं.०३६००६०६०११००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पत्नीले यस बैंकको मुसिकोट शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय मुसिकोटमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय मुसिकोट, रुकुम पश्चिम फोन नं. ०८८-५३०३०८



## नाम परिवर्तन भएको सूचना

**पाथिभरा मल्टी सर्भिस एण्ड टेक्निकल ट्रेनिङ्ग सेन्टर ईलाम प्रा.लि.** को मिति २०८०।०८।२० मा भएको विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनीबाट सृजना भएको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न पर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने ब्यहोर्ने सर्तमा साविक नामबाट नाम परिवर्तन गरी **ग्रीन पावर डेभलपमेन्ट प्रा.लि.,ललितपुर** कायम गर्न श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएको ले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।



## वार्षिक आय व्यय विवरण प्रकाशित गरिएको सूचना

यस बहुजन समाज पार्टी नेपालको आर्थिक वर्ष २०७९/०८० को बार्षिक आय व्यय विवरण अडिट भैसकेको र सो अनुसार आर्थिक वर्ष २०७९/०८० मा रु.२,६५,०००/- (अक्षरुपी: एक लाख मात्र) भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

चुनाव चिन्ह

**बहुजन समाज पार्टी नेपाल**
बागडोल-४, ललितपुर



**सोलुदुधकुण्ड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

## सोलुदुधकुण्ड नगरपालिका बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना

(प्रकाशित मिति: २०८०/१०/१९)

यस कार्यालयबाट निम्न बमोजिमको कार्य गर्नका लागि मिति २०८०।०९।०६ गते सौर्य दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सूचनामा बोलपत्र आव्हान गरिएकोमा तोकिएको म्यादभित्र रितपूर्वक विद्युतीय खरिद प्रणाली मार्फत पेश हुन आएका बोलपत्रहरू मध्येबाट तपशिल बमोजिमको बोलपत्रदाताको न्यूनतम मुल्याङ्कित सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र सूचना नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट बाहेक) |
|---|---|---|---|
| (ठेक्का नं. 05-NCB-SDM-2080/081) | तिङ्ला दुग्ध प्रशोधन केन्द्र निर्माण | श्री Galaxy Construction and Suppliers Company | रू.५४,६३,८०५/४० |

प्रमुख प्रशासकीय अधिकृत



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING CO.

पूर्व स्वीकृति मिति २०७९/०१/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१८ | LT. No. 262374 | चलानी नं. ६०१७८८७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Duty Driver | 3 | 0 | 1800 | ६३,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २६ गते (9th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१०/१९ गते)

चौस गुरुङको नाति, रविध्वज गुरुङको छोरा, दिल कुमारी गुरुङको पति कास्की जिल्ला, अन्नपूर्ण गाँउपालिका वडा नं. ०७ स्थायी ठेगाना भएको बम बहादुर गुरुङको मिति २०७७०७२४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चिप्लेढुङगा शाखामा रहेको बचत खाता नं ००४०००४३०४८३००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा हिमाल गुरुङले यस बैंकको शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागजसहित यस बैंकको शाखा कार्यालय चिप्लेढुङगामा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय, चिप्लेढुङगा पोखरा, कास्की ०६१-५४३२६६२६७



## हिम रिभर पावर लिमिटेडको
### विशेष साधारणसभा सम्बन्धी सूचना :

प्रथमपटक प्रकाशित मिति: २०८०/१०/१९

यस **हिम रिभर पावर लिमिटेड** (लिमिटेड दर्ता नं.२९३७१६) को **आ.ब. ०७९।८० को वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा तल उल्लेखित प्रस्तावहरु उपर छलफल गर्ने गरी बस्ने भनी संचालक समितिको बैठकको निर्णय अनुसार आव्हान गरिएकोले उपस्थितिका लागि **कम्पनीका शेयरधनीहरुको जानकारीका लागि यो सार्वजनिक सूचना** प्रकाशन गरिएको छ ।

**साधारणसभा हुने मिति, समय र स्थान :**

**मिति :** २०८०।११।१० गते बिहीबार
**समय :** दिनको ११:०० बजे
**स्थान :** कम्पनीको रजिष्टर्ड कार्यालय प्राङ्गण

**छलफलका प्रस्तावहरु :**

१. संचालक अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.ब. ०७९।८० को वार्षिक प्रतिवेदन सम्वन्धमा ।
२. लेखापरिक्षकज्यूद्वारा प्रस्तुत हुने आ.ब. ०७९।८० को लेखापरिक्षण प्रतिवेदन, आय-व्यय विवरण र वासलात माथि छलफल र सर्मथन गर्ने ।
३. आगामी आ.ब. ०८०।८१ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।
४. बाँकी कार्यकालका लागि रिक्त संचालक पदको निर्वाचन गर्ने सम्बन्धमा ।
५. विविध ।

**(पुनश्चः निर्वाचन कार्यक्रम सम्बन्धमा निर्वाचन समितिले छुट्टै सूचना/कार्यतालिका प्रकाशित गर्नेछ)**

आज्ञाले,
**कम्पनी सचिव**



## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०/१०/१९)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/११/०४

**बोलपत्र खोलिने मिति**
२०८०/११/०६ दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| १. | विविध कर्जा | **उत्कर्ष फुड ईण्डस्ट्रि प्रा.लि.**<br>दर्ता नं. : २४४६९८/०७७/०७८<br>ठेगाना : उर्लाबारी ०५, मोरङ्ग<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. अमृत बहादुर खड्का**<br>(ना.प्र.नं. ७८५५/१३१८, मिति २०५९/०४/१० मा जि.प्र.का. मोरङ्गबाट जारी भएको)<br>बाबु : देवी बहादुर खड्का<br>बाजे : मेहरमान खड्का<br>**२. देवी बहादुर खड्का**<br>(ना.प्र.नं. ०५-०२-७०-०३०३१, मिति २०७७/१०/११ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको)<br>बाबु : मेहरमान खड्का<br>बाजे : चतुरमान खड्का<br>**३. प्रमिला खड्का (कट्वाल)**<br>(ना.प्र.नं. ७६/१, मिति २०५९/०३/१७ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको)<br>पति : अमृत बहादुर खड्का<br>ससुरा : देवी बहादुर खड्का<br>**४. सिता देवी खड्का**<br>(ना.प्र.नं. ०५-०२-७४-०७९८३, मिति २०७४/१२/०५ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको)<br>पति : देवी बहादुर खड्का<br>ससुरा : मेहरमान खड्का<br>**५. प्रकाश बस्नेत**<br>(ना.प्र.नं. ०५-०२-७२-०२९९७, मिति २०७२/०७/१८ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको)<br>बाबु : टंक बहादुर बस्नेत<br>बाजे : जगत बहादुर बस्नेत<br>**६. प्रेम बस्नेत**<br>(ना.प्र.नं. ०५-०२-७२-०३९९९, मिति २०७२/०९/२० मा जि.प्र.का. मोरङ्गबाट जारी भएको)<br>बाबु : टंक बहादुर बस्नेत<br>बाजे : जगत बहादुर बस्नेत | १. सिता देवी खड्काको नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ५ (ढ) स्थित कि.नं. ४४ (०-०-१४-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. उत्कर्ष फुड ईण्डस्ट्रि प्रा.लि. को नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय बेलबारी मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ५ (च) स्थित कि.नं. ४९३१ (०-९-०-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>नोट : माथि उल्लेखित धितो बाहेक यस बैंकको नाममा दर्ता कायम रहेको Tata Nexon RTQ XZ+ सवारी दर्ता नं. प्र १-०२-००२ च ५१६०, Tata Reefer On Xenon Yodha 1500 सवारी दर्ता नं. प्र १-०२-००२ च ५५८५ र Tata Reefer On Xenon Yodha 1500 सवारी दर्ता नं. प्र १-०२-००२ च ५५८७ भएका सवारी साधनहरु बैंकको कब्जामा नरहेको हुनाले उक्त सवारी साधनहरुको लिलामी ननिकालिएको । |
| २. | विविध कर्जा | **ऋणीहरु :**<br>**१. देव आयल स्टोर्स**<br>प्रा.फ.र.नं. : ४७२/०४०<br>ठेगाना : चन्द्रपुर ०४, रौतहट<br>**२. देव सप्लायर्स**<br>प्रा.फ.र.नं. : ३५४५/१३६<br>ठेगाना : चन्द्रपुर ०३, रौतहट<br>**३. देवेन्द्र कुमार चौधरी**<br>(ना.प्र.नं. १६१९, मिति : २०५८/०६/०२ मा जि.प्र.का. रौतहटबाट जारी भएको)<br>ठेगाना : गरुडा ०६, रौतहट<br>बाबु : नथुनी प्रसाद चौधरी<br>बाजे : लङ्गर साह कलवार<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. पुष्पा कुमारी**<br>(ना.प्र.नं. ३२-०१-७१-०१९८२, मिति २०७१/०३/३२ मा जि.प्र.का. रौतहटबाट जारी भएको<br>पति : देवेन्द्र कुमार चौधरी<br>ससुरा : नथुनी प्रसाद चौधरी<br>**२. देवेन्द्र कुमार चौधरी**<br>ऐ.ऐ. | १. देव आयल स्टोर्सको नाममा रौतहट जिल्ला मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं. १ स्थित कि.नं. ८०८० (०-१-१६-८ विगाहा) क्षेत्रफल भएको घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।<br>२. पुष्पा कुमारीको नाममा रौतहट जिल्ला मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं. ६ स्थित कि.नं. १३४८ (०-१-१-० विगाहा) क्षेत्रफल भएको घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।<br>३. देवेन्द्र कुमार चौधरीको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय मकवानपुर मकवानपुर जिल्ला, हेटौडा वडा नं. ९ स्थित कि.नं. ९७७५ (०-०-१२.५-० विगाहा) क्षेत्रफल भएको घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।<br>४.देवेन्द्र कुमार चौधरीको नाममा रौतहट जिल्ला मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, इमरिया मटियौन वडा नं. २(ग) स्थित कि.नं. २७७ (०-२-१४-० विगाहा) क्षेत्रफल भएको घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।<br>५. पुष्पा कुमारीको नाममा रौतहट जिल्ला मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं. १ स्थित कि.नं. १९२३ (०-०-१०-० विगाहा) क्षेत्रफल भएको घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।<br>**नोट** : माथि उल्लेखित धितो बाहेक यस बैंकको नाममा दर्ता कायम रहेको Ford Ecosport 1.5, सवारी दर्ता नं. बा २१ च ९२५० भएका सवारी साधन बैंकको कब्जामा नरहेको हुनाले उक्त सवारी साधनको लिलामी ननिकालिएको । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# गृहमन्त्रीको स्वागतयोग्य कदम

**६१ किलो सुन प्रकरणपछि उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ मौन थिए । केही समय बिरामी पनि भएकाले गृहमन्त्री श्रेष्ठ बोलेका पनि थिएनन् । बिहीबार भने उच्च घरानाका व्यवसायीलाई कानुनी दायरामा ल्याउने प्रयास गर्दै गृहमन्त्री पुन चर्चामा छाएका छन् ।**

**डलर अर्बपतिका रूपमा परिचित विनोद चौधरीका भाइ अरुण चौधरी उच्च घरानाका व्यवसायी हुन् । सरकारी जग्गा हडपेर अकुत सम्पत्ति कमाउनेमा नेपाली व्यवसायीको नाम पहिलो सूचीमै आउँछ । तर व्यवसायीलाई छुने आँट कसले गर्ने ? राजनीतिमा उपल्लो कनेक्सन बनाएकै कारण उनीहरू जोगिन्छन् । डलर अर्बपति विनोद चौधरी पनि एमाले हुँदै अहिले कांग्रेस सांसद बनेका छन् । यस्तो शक्तिशाली व्यक्तिलाई प्रहरीले कानुनी घेरामा ल्याउने घटना विरलै हुन्छ नेपालमा । जुन गृहमन्त्री श्रेष्ठको नेतृत्वमा भएको छ ।**

**गृहमन्त्री बनेपछि नारायणकाजीले एकपछि अर्को सुधारको शुरूआत गरे । गृहमन्त्रीको रूपमा नारायणकाजीले रवि लामिछानेले गृहमन्त्री बनेको समयमा कानून मिचेर लगाएको राष्ट्रिय परिचयपत्रको ठेक्का र हतारमा बनाएको कार्यविधि खारेज गरेका थिए ।**

**राष्ट्रिय परिचयपत्रमा उल्लेख भएका नागरिकका वैयक्तिक र जैविक विवरण रुजु गर्ने अधिकार र पहुँच विदेशी कम्पनीलाई दिने गरी ३२ दिने गृहमन्त्री लामिछानेले हतारमा ठेक्का लगाएका थिए । लामिछानेले ७ दिनको बोलपत्र जारी गरी एउटा मात्रै कम्पनी छनोट गरेको ठेक्कालाई श्रेष्ठले नै खारेजीसम्म पुऱ्याएका हुन् ।**

**त्यसैगरी श्रेष्ठले नेपाली नागरिकलाई नक्कली शरणार्थी बनाएर अमेरिका पठाउने धन्दाको पर्दाफास गरे । यो प्रकरणमा बहालवाला सांसद टोपबहादुर रायमाझी, बहालवाला सचिव टेकनारायण पाण्डे, पूर्व गृहमन्त्री बालकृष्ण खाँणलगायत प्रभावशाली व्यक्तिहरू जेल पुगे । यस प्रकरणमा कांग्रेस सभापति शेरबहादुर देउवाकी पत्नी आरजु देउवा र एमाले अध्यक्ष केपी ओली शर्माका स्वकीय सचिव राजेशकाजी शाक्यको नामसमेत जोडिएको थियो । यी दुई व्यक्तिलाई पक्राउ नगरेकोमा भने श्रेष्ठको आलोचना हुने गर्छ । यद्यपि गृहमन्त्री बनेपछि नारायणकाजीले देखाएको तदरुकता र भ्रष्टचारीमाथि बोलेको धावालाई मान्नैपर्ने हुन्छ ।**

**यसको पछिल्लो उदाहरण हो अरुण चौधरी पक्राउ प्रकरण । बाँसबारी छालाजुत्ता कारखानाको १० रोपनी सरकारी जग्गा हडपेर मोटाएका व्यवसायी चौधरीलाई छुने आँट कसैको थिएन । नाफामा चलिरहेको सरकारी उद्योग बन्द गराएर चौधरीहरूले उक्त उद्योगको जग्गा किन्ने नाटक गरी चाँदबाग स्कुल सञ्चालन गरेका थिए । चर्को शुल्क लिने चाँदबाग राजधानीको महँगो स्कुलहरूमा पर्छ । चौधरी ग्रुपको नेटवर्क यति फैलिएको छ कि शीर्ष दलका नेताहरू कसैले पनि उनीहरूमाथि प्रश्न उठाउन सक्दैनन् । राज्यलाई धमिराले झैं खोक्रो पार्ने व्यवसायी पक्राउ गर्न लगाएर गृहमन्त्री श्रेष्ठले स्वागतयोग्य कदम चालेका छन् ।**

## मनन्योग्य

### चाणक्य नीति

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे । गुरुको सेवामा रहन पाउँदा विष्णुगुप्त आफूलाई धन्य सम्झन्थे । सबै उनका प्रशंसक भए ।

निरन्तर अध्ययनबाट, विष्णुगुप्तले उपनिषद्, वेद, व्याकरण, गणित, अर्थशास्त्र, राजनीति शास्त्रविद्या, दर्शन, ज्योतिष, रसायन आदि विषयमा पाण्डित्य प्राप्त गरे उनीसँग शास्त्राय गर्न ठूला-ठूला विद्वान्हरू आउन लागे । तर, ती विद्वान्हरूले विष्णुगुप्तबाट हार खानुपर्थ्यो ।

'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधैं निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए । आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

# संघीयता कार्यान्वयनमा प्रधानमन्त्रीको प्रयास



▶▶ मनहरि तिमिल्सिना

> व्यवस्था विरोधीहरू सल्बलाउँदै जाँदा संविधान निर्माणका पक्षधर दलका नेताहरूसमेत संघीयताका विरुद्ध उभिने गरेका छन् । यसमा मूलतः दुई कारण जिम्मेवार छ पहिलो, संघीयतासम्बन्धी दृष्टिकोण र बहुआयमिक लाभबारे पर्याप्त ज्ञान नहुनु र दोस्रो, संघीयताविरोधी जनमतलाई आफूतर्फ तान्ने भोटको क्षणिक राजनीतिमा लहसिनु । व्यवस्था विरोधीहरूले संघीयता खर्चिलो भएको डंका पिटिरहेका बेला त्यसको लहैलहैमा लाग्नु पनि संविधान कार्यान्वयनको अर्को चुनौती हुन आइपुगेको छ ।

मुलुकको सातौं संविधानका रूपमा २०७२ असोजमा नेपालको संविधान जारी भयो, जुन संविधान परिवेश, मात्रा र गुणका दृष्टिले समेत विगतका संविधानभन्दा उन्नत र लोकतान्त्रिक प्रक्रियाको अवलम्बन गरी निर्माण गरिएको थियो । तीसभन्दा बढी मौलिक हक, समाजवादोन्मुख राज्यको प्रतिबद्धता, संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्र, सामाजिक न्यायलगायत प्रावधान भएकाले नेपालको संविधान विश्वका उत्कृष्ट संविधानमध्ये एक प्रमाणित भयो । यसमा हाम्रो मात्र नभएर विश्वभरिका अध्येता र विश्लेषकको स्वीकारोक्तिसमेत थियो ।

तर, अत्यन्तै प्रगतिशील अन्तर्वस्तु र चरित्रको हुँदाहुँदै पनि कार्यान्वयनमा विलम्ब हुँदै जाँदा संघीय लोकतान्त्रिक गणतन्त्रमाथि प्रश्नहरू खडा हुँदै गए । त्यसमा मुख्यतः दुई कारण छन् । पहिलो, संघीय लोकतान्त्रिक गणतन्त्रविरोधी शक्तिहरूको योजनाबद्ध प्रहार र विद्रूपीकरण र दोस्रो, संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूमा कार्यान्वयनमा समान इच्छाशक्ति नहुँदा देखिएको गतिरोध । संविधान निर्माणको आठ वर्ष पूरा हुँदासमेत संघीय कानुनहरू निर्माणमा ढिलाइ हुनुमा मुख्यतः यिनै कारण जिम्मेवार छन् ।

संघीय प्रणालीको अवधारणा अगाडि सार्दा मुख्यतः पहिचानका पाँच र सामर्थ्यका चार आधार प्रस्तुत गरिएको थियो । यद्यपि त्यसमा आमसहमति हुन सकेन । ततपश्चात् संविधानसभामा व्यापक बहसमार्फत अहिले मिश्रित संघीय ढाँचा अवलम्बन गरिएको छ । तर, यसको कार्यान्वयनमा संसद्का कैयौं दलहरूमा रूचि देखिएको छैन । यसर्थ पनि कार्यान्वयनमा विलम्ब भइरहेको छ ।

संविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचना निरूपण गरिएको छ । साथै, धारा ५७ मा राज्यशक्तिको बाँडफाँटको रूपमा अनुसूची ५, ६, ७, ८, ९ मा व्यवस्था भएअनुरूप तथा साझा अधिकारको प्रयोग संविधान र संघीय, प्रदेश र स्थानीय कानुनबमोजिम प्रयोग गर्ने व्यवस्था गरिएको छ । अहिलेको मुख्य प्रश्न संविधानको अनुसूचीमा भएको साझा अधिकारको क्षेत्राधिकार र कार्यान्वयनको प्रश्न हो । यद्यपि, साझा अधिकार सूचीको कार्य विस्तृतीकरण र मूर्तीकरण नहुँदा प्रदेश र स्थानीय तहले प्रयोग गर्न पाउने एकल अधिकारको कार्यान्वयनसमेत प्रभावित भइरहेको छ ।

नेपालको संविधानमा संघीयताका मूलतः दुई आयाम छन् । एउटा वित्तीय संघीयता र अर्को प्रशासनिक संघीयता । वित्तीय संघीयतामा खर्च जिम्मेवारी, राजस्व अधिकार र जिम्मेवारी, अन्तरसरकारी वित्त हस्तान्तरण, आन्तरिक ऋणको अधिकार र प्राकृतिक स्रोतको परिचालन पर्दछ भने प्रशासनिक संघीयतामा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सांगठानिक संरचना र कार्य जिम्मेवारी पर्दछ । प्रशासनिक संघीयताको प्रश्नमा सरकारी सेवामा समानुपातिक, समावेशी सिद्धान्त अवलम्बन गरिनुपर्ने प्रस्ट व्यवस्था छ । आज प्रश्न यही हो- यी अधिकारको मूर्तीकरणसहित कार्यान्वयन कसरी प्रभावकारी बनाउन सकिन्छ ।

वि.सं. २०७२ मा संविधान जारी त भयो, तर संविधान कार्यान्वयनले गति लिन सकेन । २०७३ साउनमा माओवादी केन्द्रका अध्यक्ष पुष्कमल दाहाल प्रधानमन्त्री भएपछि संघीयता कार्यान्वयनको कामले गति लियो । दश महिनाको छोटो अवधिमा नै स्थानीय तहहरूको निर्धारण, स्थानीय तहको निर्वाचन र संघीय प्रणालीअनुरूपका सरकारी कार्यालयहरू स्थापनाको कामले गति लिए । दाहालको दोस्रो कार्यकाल नै त्यो प्रस्थानबिन्दु थियो, जसले संघीयता कार्यान्वयनको बलियो जग बसाल्यो ।

तर, विडम्बना नै भन्नुपर्छ- दाहाल प्रधानमन्त्रीबाट बाहिरिएसँगै संघीयता कार्यान्वयनको मुद्दा ओझेल पर्दै गयो । संघीय कानुनको मस्यौदा सरकारको प्राथमिकतामा नपर्दा एवं संसद्ले प्रभावकारी भूमिका नखेल्दा कानुन निर्माणको क्षेत्रमा आशातीत प्रगति गर्न सकेन । संघीय कानुन नबन्दा संघको अधिकार प्रदेशमा प्रत्यायोजन हुन सकेन । यसले गर्दा एकातर्फ प्रदेशहरू अधिकारविहीन भए भने अर्कोतर्फ प्रदेशको अवस्थालाई लिएर संघीयता विरोधीहरू व्यवस्थामाथि नै योजनाबद्ध प्रहार गर्न थाले ।

संविधानमा व्यवस्था भएबमोजिमका साझा र एकल अधिकार सूचीको प्रस्ट व्याख्या र मूर्तीकरणका निम्ति २०७३ मा पहिलोपटक कार्यविस्तृतीकरण प्रतिवेदन तयार भएको थियो । उक्त प्रतिवेदनअनुसार तत्कालीन सरकारले संघीयता कार्यान्वयनको प्रक्रिया अगाडि बढाएको थियो । तर, कार्यान्वयनका क्रममा उक्त प्रतिवेदन परिमार्जन गर्नुपर्ने आवश्यकता महसुस गरियो । सोहीअनुरूप कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जनको प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

त्यसैगरी २०७३ सालदेखि रोकिएको राष्ट्रिय समन्वय परिषद्को बैठक पनि यसै अवधिमा सम्पन्न भएको छ । गत असारमा सम्पन्न मुख्यमन्त्री सम्मेलनलेसमेत संघीयता कार्यान्वयनमा महत्त्वपूर्ण सन्दर्भ स्रोत उपलब्ध गराएको छ ।

वर्तमान संविधान राजनीतिक शक्तिहरूको सहमतिको दस्तावेज भएकाले संघीयताबारे पनि दलहरूका आ-आफ्ना दृष्टिकोण र बुझाइहरू छन् । तसर्थ, संविधानमा लिपिबद्ध प्रावधानहरू बुझ्ने र लागू गर्ने सन्दर्भमासमेत संविधान निर्माणका शक्तिहरूबीच साझा बुझाइ कायम गर्नु आजको प्रमुख चुनौती हुन आइपुगेको छ । संघ, प्रदेश र स्थानीय तहहरूमा प्रशासन र राजनीतिबीच अन्तरसम्बन्ध परिभाषित गर्नु, वित्तीय संघीयताको कार्यान्वयन एवं प्रशासनिक खर्च घटाई आर्थिक अनुशासन कायम राख्नु, संविधानबमोजिम अधिकार क्षेत्रहरूको थप स्पष्टता गरी सहकार्यात्मक संघीयताको मूल्य मान्यतालाई आत्मसात् गर्नु, प्रदेश तथा स्थानीय तहहरूको कार्य प्रभावकारिताको लागि क्षमता विकास गर्नु, संघीय कानुनहरू तर्जुमा गर्नु, अन्तरप्रदेश समन्वय प्रभावकारी तुल्याउनु, जनप्रतिनिधिहरूको संस्थागत क्षमताको विकास गर्नु, तीनवटै तहहरूमा मानव संसाधनको व्यवस्थापन गर्नु आदि विषय संविधान कार्यान्वयनका प्रमुख सवाल र चुनौतीहरू समेत हुन् ।

२०७९ पुस १० गते प्रधानमन्त्री दाहालले तेस्रो कार्यकालको पदभार ग्रहण गरेसँगै संघीयता कार्यान्वयनको प्रक्रियाले गति लिएको छ । प्रधानमन्त्रीमा निर्वाचित भएदेखि नै प्रधानमन्त्री दाहालले संघीय निजामती सेवा ऐन निर्माणको प्रक्रियालाई गति दिन मन्त्रालयलाई निर्देशित गरे । यही अवधिमा विद्यालय शिक्षा ऐनको मस्यौदा संसद्मा दर्ता भएको छ । चार वर्षअघि ऐन बनेर पनि कार्यान्वयनको प्रक्रिया रोकिएको प्रहरी समायोजनको प्रक्रिया अगाडि बढेको छ ।

यस अवधिमा वित्तीय हस्तान्तरणको प्रक्रियाले तीव्रता पाएको छ । परिमार्जित कार्यविस्तृतीकरण प्रतिवेदनले वित्तीय र प्रशासनिक संघीयताको लक्ष्मणरेखा कोरिदिएको छ, जसले भविष्यमा हुनसक्ने क्षेत्राधिकारको विवाद धेरै हदसम्म अन्त्य गर्ने विश्वास गर्न सकिन्छ । साथै, संघीय परिषद्को बैठक आयोजना गरी कार्यान्वयनको प्रक्रिया तीव्र तुल्याउने प्रधानमन्त्रीको तयारी छ । विगतमा एकातर्फ संघीयताको समर्थन पनि गर्ने, अर्कोतर्फ कार्यान्वयनमा खास रूचि र तत्परता नदेखाउने प्रवृत्ति विद्यमान थियो । 'हलो अड्काएर गोरू चुट्ने' यस्तो प्रवृत्ति निरूत्साहित गर्नुपर्ने चुनौतीसमेत हामीसामु छ । पछिल्लो समय प्रदेश र मुख्यमन्त्रीहरूले संघीय सरकार र राजनीतिक दलहरूमाथि दबाब बढाइरहेका कारण संघीय कानुनहरू निर्माणमा राजनीतिक दलहरू गम्भीर बन्नुपर्ने बाध्यात्मक परिस्थिति देखिएको छ, जुन सुखद् पक्ष हो ।

व्यवस्था विरोधीहरू सल्बलाउँदै जाँदा संविधान निर्माणका पक्षधर दलका नेताहरूसमेत संघीयताका विरूद्ध उभिने गरेका छन् । यसमा मूलतः दुई कारण जिम्मेवार छ पहिलो, संघीयतासम्बन्धी दृष्टिकोण र बहुआयमिक लाभबारे पर्याप्त ज्ञान नहुनु र दोस्रो, संघीयताविरोधी जनमतलाई आफूतर्फ तान्ने भोटको क्षणिक राजनीतिमा लहसिनु । व्यवस्था विरोधीहरूले संघीयता खर्चिलो भएको डंका पिटिरहेका बेला त्यसको लहैलहैमा लाग्नु पनि संविधान कार्यान्वयनको अर्को चुनौती हुन आइपुगेको छ ।

भ्रमभन्दा यथार्थ विल्कुल पृथक छ । एकात्मक प्रणालीमा एउटा गाविसमा एक अध्यक्ष, एक उपाध्यक्ष, नौ जना वडाध्यक्ष र ३६ जना वडा सदस्य गरेर ४७ जना जनप्रतिनिधि हुन्थे । अहिले त्यही गाविस वडामा रूपान्तरण भएको छ, जहाँ एक वडाध्यक्ष र चार वडासदस्य गरी जम्मा पाँच जना जनप्रतिनिधि छन् । विगतमा अञ्चलाधीश, क्षेत्रीय प्रशासकलगायतका धेरै प्रशासनिक अधिकारीहरू पनि थिए । हिजो सबै निकायले सरकारको मान्यता नपाए पनि केन्द्रीय सरकार, विकास क्षेत्र, अञ्चल, जिल्ला, इलाका र गाविस गरी छ वटा संरचना थिए । अहिले ती घटेर संघ, प्रदेश र स्थानीय तह गरी तीनवटा मात्रै संरचना भएका छन् । यसरी एकात्मक राज्य प्रणालीमा भन्दा संघीय प्रणालीमा रूपान्तरण भएपश्चात् देशमा एक लाख ५० हजार ७५२ जना जनप्रतिनिधि घटेका छन् । एकात्मक व्यवस्थामा स्थानीय निकायका जनप्रतिनिधिको तलब थिएन, संघीयतामा पनि तलब सुविधा छैन । यद्यपि, संघ, प्रदेश र स्थानीय तह आफैंमा सरकार भएका कारण प्रशासनिक क्षेत्रमा केही रकम खर्च हुने गरेको छ । संघीयतापछि कर्मचारीको संख्या पनि खास वृद्धि भएको छैन ।

हाम्रो संविधानका मुख्यतः तीन खम्बा छन्, संघीय गणतन्त्र, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्र । यी तीन खम्बामध्ये एउटामाथि प्रश्न उठ्दा बाँकी दुई खम्बाको पनि जग खल्बलिन्छ । संघीय लोकतान्त्रिक व्यवस्थाको पक्षमा दृढतापूर्वक उभिएर मात्र प्राप्त उपलब्धिको रक्षा र सुदृढीकरणसहित संविधानको प्रगतिशील कार्यान्वयन सम्भव हुन जान्छ । तसर्थ, संविधान कार्यान्वयनका निम्ति संसद्मा प्रतिनिधित्व गर्ने सम्पूर्ण शक्तिहरू जिम्मेवार बन्नै पर्दछ, जसको बलमा व्यवस्थाको सुदृढ गर्न सकियोस् । *रासस*

*(लेखक प्रधानमन्त्रीका प्रेसविज्ञ हुन्)*

**पत्र-मञ्जुषा**

# भ्रष्ट कर्मचारीविरूद्धको जनआवाज

नेपाली जनताले मुलुकको राजनीतिक परिवर्तनका लागि २००७ सालमा आन्दोलन गरे । त्यस्तै, ०४६ र ०६२/६३ सालमा पनि आन्दोलन गरे । आन्दोलनमा होमिएका हजारौं सहिद भए । लाखौं घाइते भए । तर, जनताको आन्दोलनको बलका कारण मुलुकमा राजनीतिक परिवर्तन भयो ।

राजनीतिक परिवर्तनसँगै सरकारी कर्मचारीहरूले घूस खाने, भ्रष्टाचार गर्ने तथा अनियमितताका घटना ह्वात्तै बढे । मुलुकलाई आर्थिक मन्दीमा लगेर टाट पल्टाउने र जनताको काम छिटोछरितो नगरी दुःख, हैरानी दिने सरकारी कर्मचारी नै हो । अब जनताले फेरि पनि आन्दोलन गर्नुपर्ने अवस्था आएको छ । तर, राजनीतिक परिवर्तनका लागि होइन, यी भ्रष्ट, घुसिया कर्मचारीहरूको विरोधमा आन्दोलन गर्नुपर्छ । कर्मचारीहरूको सम्पत्ति छानबिन गर्नुपर्छ । र, गैरकानुनी रूपमा आयआर्जन गरिएका सम्पत्ति राष्ट्रियकरण हुनुपर्छ । भ्रष्ट, घुसिया कर्मचारीहरूलाई अब कानुनको दायरामा ल्याउनैपर्छ ।

सरकारी कर्मचारीहरूले न त घूस खान छोडेका छन् न त जनताको काम नै छिटोछरितो गरिदिन्छन् । उनीहरू जनतासँग मिठो बोलीवचनसमेत गर्दैनन् । वडादेखि सिंहदरबारसम्म सरकारी कर्मचारीहरू ११ बजेसम्म कार्यालयमा देखिँदैनन् ।

फेरि यस्ता दलाल, भ्रष्टाचारी कर्मचारीहरूका लागि सरकारले जनताले तिरेको करबाट तीन लाखदेखि २५ करोडसम्मको गाडी उपलब्ध गराएको छ । गाडीसँगै चालक र पेट्रोल पनि त दिनु परिहाल्यो । कार्यालयमा भएको सामान चोरेर घर लैजान्छन् । अनि नयाँ सामान खरिद गर्दा कमिसन खान्छन् ।

यता, गाडीमा पेट्रोल २० लिटर लागेकोमा १०० लिटरको बिल बनाउँछन् । आफन्त, घरपरिवारलाई त्यही गाडी चलाउन सिकाउँछन् । अनि ठोक्किएर पनि फेरि जनताकै करबाट बनाउँछन् । तर, त्यसमा पनि भ्रष्टाचार गरिन्छ । सरकारी गाडी सार्वजनिक बिदाको दिन चलाउन पाइँदैन ।

यहाँ पनि कर्मचारीहरू सरकारी गाडी नै लिएर घरपरिवार गुमाउन जान्छन् । तरकारी बजारदेखि बालबच्चालाई विद्यालय पुऱ्याउनसमेत कर्मचारीहरू सरकारी गाडी नै प्रयोग गर्छन्, जुन गैरकानुनी हो । अहिले सर्वसाधारण भन्छन्, 'देश यो हालतमा पुऱ्याउने कर्मचारी नै हुन् । यिनीहरू राष्ट्रको सेवक होइनन् । दलाली, भ्रष्टाचारी र घुसिया हुन् ।'

जनताले तिरेको कर ७५ प्रतिशत सरकारी कर्मचारीलाई तलबभत्ता, पेन्सन र सेवासुविधा उपलब्ध गराउँदा सकिन्छ । बाँकी २५ प्रतिशत जनप्रतिनिधिहरूलाई तलबभत्ता र सेवासुविधा उपलब्ध गराउँदा ठिक्क हुन्छ । अझ कहिले पनि त्यसले पनि पुग्दैन ।

नेपाल विदेशी ऋणमा डुबिसकेको छ । मुलुक नै धितो राखेर २७ खर्ब ऋण लिइएको छ । यो ऋणको साँवाब्याज तिर्न सरकारसँग आम्दानीको स्रोत छैन । अब सरकारले कसरी यो ऋण तिर्छ ? कसरी देश विकास गर्छ ? कसरी कर्मचारीलाई तलबभत्ता खुवाउँछ ? र, ज्येष्ठ नागरिकलाई कहाँबाट भत्ता खुवाउँछ ?

जनताले तिरेको करबाट सरकारी खर्च धान्दैन । अब आम सर्वसाधारणले कर्मचारीको विरोध गर्नैपर्छ । मुलुकलाई यो अवस्थामा पुऱ्याउने कर्मचारीहरूलाई हटाउन जनताले सडक आन्दोलन चर्काउनै पर्छ ।

अहिले जनताले नै कर तिर्नुपरिरहेको छ । तर, त्यो करमा मोजमस्ती चाहिँ कर्मचारीहरूले गरिरहेका छन् । अब सरकारले कर्मचारीको तलबभत्ता र सेवासुविधा कटौती गर्नुपर्छ । जनप्रतिनिधिहरूको पनि तलबभत्ता र सेवासुविधा कटौती गर्नुपर्छ । होइन देश महासंकटमा डुब्ने निश्चित छ ।

राजनीतिक दलको सदस्यता लिने, घूस खाने, जनताको काम छिटो छरितो नगर्ने र कहिल्यै राम्रो बोलीवचन नगर्ने दलाली, घुसिया र भ्रष्टाचारी नै सरकारी कर्मचारी हुन् । अनि यस्ताबाट देश बन्छ भनेर आशा गर्नु लज्जास्पद छ । अब पनि सरकारले कर्मचारीको तलबभत्ता र सेवा सुविधा कटौती नगरे भोलि देश नै डुब्ने अवस्थामा पुग्ने छ ।

मुलुकमा राजनीतिक परिवर्तन भयो । व्यवस्था परिवर्चन भयो । तर, कर्मचारीहरूले न त घूस खान छोडे न त जनताको काम नै छिटोछरितो गर्न सिके । उल्टै मुलुकलाई आर्थिक भार थप्दै आज यो अवस्थामा पुऱ्याए । अब यसमा सरकारले सुधार गर्नैपर्छ । नभए आमसर्वसाधारण सडकमा उत्रिने छन् ।

**-रुषा थापा, भक्तपुर**

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# बाजुरामा हिमपातसँगै चिसो बढ्यो

**बाजुरा–** बुधबारबाट भएको मौसम बदलीसँगै जिल्लाको लेकाली भेगमा हिमपात भएको छ । एकाएक मौसममा बदली भएर वर्षा हुन थालेपछि हिमपात सुरु भएको हो । जिल्लाका नौवटै पालिकाका लेकाली र तल्लो क्षेत्रमा हिमपात हुन थालेको छ। पाँच महिनापछि वर्षासँगै हिमपात भएपछि किसान खुसी भएका छन् । पूर्वी उत्तरी भेगको हिमाली गाउँपालिकाका विच्छ्याँ र रुगिन, बूढीनन्दा नगरपालिका, गौमुल गाउँपालिकाका लेकाली उच्च लेकाली भेगमा भारी हिमपात भएको छ।

यस्तै जगन्नाथ, स्वामीकार्तिक, बडीमालिका, खप्तड छेडेदह र त्रिवेणी नगरपालिकाका लेकाली क्षेत्रमा हिमपात भएको हो। बेँसीतिर पानी पर्दा अत्यधिक मात्रामा जाडो बढेको छ। बुधबार रातिदेखि उच्च हिमाली क्षेत्रका धेरै ठाउँमा परेको भारी हिमपातले जनजीवन कष्टकर बनाएको छ । बडीमालिका र बूढीनन्दा नगरपालिकालगायतका उच्च हिमाली क्षेत्र यस वर्ष कात्तिक अन्तिम साताबाट सेताम्मे हुने चुचुरा केही वर्षदेखि भने माघको मध्यतिर पुगेर सेताम्मे बनेका छन् ।

जिल्लाका हिमाली गाउँपालिका, बडिमालिका नगरपालिका, गौमुल गाउँपालिका, त्रिवेणी नगरपालिकाका, खप्तड छेडेदह गाउँपालिका, स्वामीकार्तिक खापर गाउँपालिका, जगन्नाथ गाउँपालिकाका लेकाली भूभागमा हिमपातसँगै वर्षा भइरहेको जानकारी प्राप्त भएको छ। हिमपातका कारण सदरमुकाम मार्तडीलगायतका विद्यालयसमेत प्रभावित भएका छन् । चिसोसँगै हिमपात भएपछि विद्यालयबाट टाढा रहेका विद्यार्थीलाई आवतजावतमासमेत समस्या हुँदा पठनपाठनमा समस्या भएको छ। लामो समयदेखि पानी नपर्दा समस्यामा परेका किसान भने वर्षासँगै भारी हिमपात भएपछि खुसी भएका छन्।

हिउँदे वर्षाका कारण पहाडी क्षेत्रमा लगाइएका विभिन्न बालीलाई फाइदा पुगेको बडीमालिका नगरपालिका-३ रजालीका कृषक कमल रावलले बताए । वर्षाले विभिन्न अन्नबाली, फलफूल र तरकारीलगायत किसानलाई फाइदा पुग्ने जिल्ला कृषि ज्ञान केन्द्रका निमित्त कार्यालय प्रमुख मीनप्रसाद जैशीले बताए । हिमपातका कारण जिल्लाको उत्तरी क्षेत्रका चार स्थानीय तह र हुम्ला, मुगु तथा कालीकोटका केही स्थानीय तह जोड्ने मार्तडी कोल्टी सडकखण्डमा पर्ने बडिमालिका र बूढीनन्दा नगरपालिकाको पोरखे लेकमा हिमपात हुँदा त्यो क्षेत्रमा चल्ने यातायात सेवा प्रभावित भएको छ। *रासस*

## मोटरसाइकल हराएको सूचना

भक्त बहादुर कार्कीको नाममा रहेको निम्न ब्योहोरा रहेको मोटरसाइकल मिति २०८०।१०।१४ गते काठमाडौं जिल्ला च.न.पा १५ ढुङगेअड्डा घरछेउमा पार्किङ गरेको अवस्थाबाट बेलुका ८:०० तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार - Pulsar 220 CC
बाई नं. Bagmati Province -02-045 Pa 8040
चेसिस नं. MD2A13EX7NCM83138
इन्जिन नं. DKXCNM37439
रङ्ग - Black, Red
सम्पर्क - 9851154947

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०९/२० गते ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं.०२, सानेपा एभरेष्ट कलेजको उत्तरपट्टी. पार्किङ गरिराखेको अवस्थामा Bajaj NS 200 cc कालो/सेतो रंगको मोटरसाइकल दिनको अन्दाजी ४:३८ बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

सवारी धनी : हिरालाल श्रेष्ठ
बाइक नं.: बा .प्र.०२-०२८ प ७५७३
च्यासिस नं.: MIDA36FX8MCA34475
इन्जिन नं. : JLXCMA 37857
ठेगाना: टिकाथली, काठमाडौं
सम्पर्क: ९७६१७६४३६५, ९८१८०७७८२३

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Q-TEC FACILITIES MANAGEMENT WLL

पूर्व स्वीकृति मिति : २०८०/१०/१८ | LT. No. 299193 | चलानी नं : ६०२१४१६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Condition Technician | 10 | 0 | 1200 | ९१००९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician Gen | 10 | 0 | 1200 | १०९२११ | | | | | | | |
| 3 | Labourer / Factory Janitor | 15 | 0 | 1500 | ९१००९ | | | | | | | |

कम्पनी : WORKFOCE DECORATION

पूर्व स्वीकृति मिति : २०८०/०२/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१८ | LT. No. 287255 | चलानी नं : ६०२०२६०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 8 | 0 | 2500 | ९१,००९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | INTERVIEW DESIGN | 5 | 0 | 3000 | १०९,२११ | | | | | | | |
| 3 | SUPERVISIOR | 8 | 0 | 2500 | ९१,००९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २६ गते (9th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## महाराजा बचत तथा ऋण सहकारी संस्था लि.

Maharaja Saving and Credit Co-operative Ltd.

### महाराजा बचत तथा ऋण सहकारी संस्था लि. को भाखा नाघेको कर्जा बुझाउने बारे ३५ दिने जरूरी सूचना

यस संस्थाको तपसील बमोजिमका सदस्य व्यक्तिले निम्न उद्देश्यको लागि कर्जा लिई हाल सम्म कर्जा नबुझाई भाखा नाघि ऋण तिर्ने सम्बन्धमा संस्थासँग गरेको सम्झौता अनुसारको रकम बुझाउने सम्बन्धमा यस संस्थाले बारम्बार ताकेता गर्दा पनि आलटाल गरि बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा संस्थाले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा आई बुझाउनको लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन तथा संस्थाको ऋण लगानी तथा अशुली नीति दफा नं ८.१२ उपदफा ३ र ४ तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो ३६ औं दिन तपसील बमोजिमको धितो लिलामी तथा सकार प्रकृया अवलम्बन गरि संस्थाले आफ्नो लेना रकम अशुल गर्नेछ ।

**तपशिल:**

| क्र.स. | ऋणीको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | उद्देश्य |
|---|---|---|---|---|---|
| १. | सन्त बहादुर पुन मगर | राम बहादुर पुन मगर | बम बहादुर पुन मगर | साविक चितवन जिल्ला विरेन्द्रनगर गाविस वडा न.१, ठेगाना भई हाल कावासोती न.पा वडा नं.५ नवलपरासी (ब.सु.पु.) | व्यापार |
| २. | डम्बर बहादुर पुन मगर | कर्ण बहादुर पुन | डम्बर बहादुर पुन | साविक नवलपरासी जिल्ला शिवमन्दिर गा.वि.स.वडा न.६ ठेगाना भई हाल कावासोती न.पा. वडा नं.३ नवलपरासी (ब.सु.पु.) | व्यापार |
| ३. | मन बहादुर पुन | सोम बहादुर पुन मगर | भरते पुन मगर | साविक नवलपरासी जिल्ला शिवमन्दिर गा.वि.स.वडा न.२ ठेगाना भई हाल कावासोती न.पा. वडा नं.३ नवलपरासी (ब.सु.पु.) | व्यापार |
| ४. | अमृता विष्ट | विशवराज विष्ट | धन बहादुर विष्ट | साविक नवलपरासी जिल्ला प्रगतिनगर गा.वि.स.वडा न.३ ठेगाना भई हाल देवचुली न.पा. वडा नं.१५, नवलपरासी (ब.सु.पु.) | व्यापार |

**लिलाम हुने धितो बिबरण क्रमश:**

| क्र.स | जग्गा धनिको नाम | धितो ठेगाना बिबरण | कि.नं. | क्षेत्रफल | लिलामी हुने न्युनतम रकम |
|---|---|---|---|---|---|
| १. | सन्त बहादुर पुन मगर | साविक शिवमन्दिर गाविस वडा नं.६, ६क१, नवलपरासी, हाल कावासोती न.पा. ५, न.प.ब.सु.पु | १४२ | ०-१-०-० | रु.२७,११,०००।- |
| २. | डम्बर बहादुर पुन मगर | साविक शिवमन्दिर गाविस वडा नं.२, २ख, नवलपरासी, हाल कावासोती न.पा. वडा नं. ३, न.प.ब.सु.पु | ५५४ | ०-०-८-० | रु.७,९१,०००।- |
| ३. | तिलमाया पुन मगर | साविक शिवमन्दिर गाविस वडा नं.२, २ग, नवलपरासी, हाल कावासोती न.पा. वडा नं.३, न.प.ब.सु.पु | ३०६५ | ०-१-३-० | रु.३१,४६,०००।- |
| ४. | अमृता विष्ट | साविक कावासोटी गाविस वडा नं.५, ५ख, नवलपरासी, हाल कावासोती न.पा. वडा नं.८, न.प.ब.सु.पु | १५४२ | ०-१-११-० | रु.१५,८८,०००।- |

**महाराजा बचत तथा ऋण सहकारी संस्था लि.**
कावासोती न.पा.२. नवलपरासी ब.सु.पु.

## आँबुखैरेनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
आँबुखैरेनी तनहुँ
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

**प्रकाशित मिति : २०८०/१०/१९ गते ।**

यस गाउँपालिकाबाट तपसिल बमोजिम कार्यको लागि बोलपत्र आव्हान सूचना प्रकाशन गरिए अनुसार पर्न आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र दाताले न्युनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | सूचना प्रकाशन मिति | फर्मको नाम, ठेगाना | कवोल अंक मु.अ. कर र प्रोभिजनल सम बाहेक रु. |
|---|---|---|---|---|---|
| १. | AKRM/WORKS/ AMPNY/NCB/ 15/2080/081 | Adhimul Mandir Purbadhar Nirman Yojana, Aanbookhaireni 01, Tanahun | २०८०/०८/२२ | श्री शिखर कटेरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., आँवुखैरेनी १ तनहुँ | ४९,५८,८६२।३३ |

**आँवुखैरेनी गाउँपालिका**

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मिति २०८०/१०/१७ | LT. No. 299113 | चलानी नं. ६०२१४१४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 6 | 1400 | ५१,२४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Executive Sales | 0 | 1 | 2200 | ८०,५२० | | | | | | | |
| 3 | Labourer | 4 | 0 | 1000 | ३६,१२० | | | | | | | |
| 4 | Salesman | 0 | 4 | 1400 | ५१,२४० | | | | | | | |

कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मिति: २०८०/०३/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१८ | LT. No.288972 | चलानी नं. ६०२०४३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Supervisor | 4 | 0 | 3000 | १०८,३५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 4 | 0 | 1000 | ३६,१२० | | | | | | | |
| 3 | Salesman | 0 | 2 | 1300 | ४६,९५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २६ गते (9th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FACILICO FACILITIES MANAGEMENT SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१८ | LT. No. 299258 | चलानी नं. ६०२१४२७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 0 | 1100 | ३९९०४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 30 | 0 | 1100 | ३९९०४ | | | | | | | |
| 3 | rope access technician l1 | 10 | 0 | 1500 | ५४४१४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २६ गते (9th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Avion Human Resource Management Pvt. Ltd.**
श्रम ईजाजत नं. १५२४/०७४/७५
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4599632, 4584744 Fax: +977-1-4479363
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YOU SEE FOR MEDICAL AND LABORATORY EQUIPMENT REPAIRING EST

पूर्व स्वीकृति मिति २०८०/१०/१८ | LT. No. 299188 | चलानी नं. ६०२१४१४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician Assistant | 11 | 0 | 1200 | ४३,५३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Messenger | 0 | 5 | 1300 | ४७,१५० | | | | | | | |
| 3 | Sales Officer | 6 | 3 | 1500 | ५४,४१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २६ गते (9th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9844078232, 9844078232
9823810701, 9746850593 E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TADAWI MEDICAL COMPANY

पूर्व स्वीकृति मिति २०८०/१०/१८ | LT. No. 299064 | चलानी नं. ६०२१४१३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse Technician | 0 | 10 | 3000 | १०६,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TADAWI MEDICAL COMPANY

पूर्व स्वीकृति मिति २०८०/१०/१८ | LT. No. 298163 | चलानी नं. ६०२१४१३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse Technician | 0 | 5 | 3000 | १०६,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २६ गते (9th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**IMPERIAL OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 816/066/067
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4585530, 9840098991
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

# प्रभाव दैनिक





## 'महाजात्रा' मा हरिवंश अवतार

'महाजात्रा' चैत्र ९ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो । प्रदीप भट्टराई निर्देशित फिल्म यो वर्षको प्रतिक्षित फिल्मको सूचिमा पनि छ । निर्माण युनिटले बिहीबार फिल्मको एक पोष्टर सार्वजनिक गरेको छ । जसमा अभिनेता हरिवंश आचार्यलाई केन्द्रमा राखिएको छ । यसअघिको पोष्टरमा हरिवंश ह्वीलचियरमा थिए । पोष्टर हेर्दा यो पटक फिल्मका मुख्य तीन पात्र विपिन कार्की, रवीन्द्र झा र रवीन्द्र सिंह बनियाँलाई हरिवंशले घुमाउने अनुमान गर्न सकिन्छ । फिल्म 'महापुरूष'बाट राम्रो प्रशंसा पाएका हरिवंशको यस फिल्ममा पनि महत्त्वपूर्ण भूमिका रहेको छ । लेखन समेत निर्देशक भट्टराईको रहेको फिल्ममा वर्षा राउत, राजाराम पौडेल, दिव्य देव लगायतका कलाकारको समेत अभिनय देख्न सकिन्छ ।





शुक्रबार १९, माघ २०८० (Friday, February 2, 2024)


# शुक्रबारदेखि शिल्पी थिएटरमा 'गंगालाल'

■ प्रभाव संवाददाता




**काठमाडौं-** सहिद गंगालाल श्रेष्ठको जीवनीमा आधारित नाटक 'गंगालाल' शुक्रबारदेखि मञ्चन हुने भएको छ । शिल्पी थिएटर बत्तीसपुतलीमा मञ्चन हुने नाटक २९ गतेसम्म चल्नेछ ।

गंगालाल फाउन्डेसन र गार्डेन थिएटरको सहकार्यमा निर्माण भएको चे शंकरले लेखन तथा निर्देशन गरेका छन् । विक्रम संवत् १९९१ देखि १९९७ सम्म राजनीतिक परिवेशमा भएका घटनाक्रम र सहिद गंगालालका जीवनका घटना नाटकमा छ । नाटकमा सहिद गंगालाललाई क्रान्तिकारी मात्र नभई एक पूर्ण मानिसको रूपमा प्रस्तुत गरिएको निर्देशक चे शंकरले बताए ।

नाटकमा धर्मभक्त, सहिद शुक्रराज र सहिद दशरथका साथै टंकप्रसाद आचार्य, गणेशमान सिंह र कवि सिद्धिचरण श्रेष्ठसमेत पात्र बनेर मञ्चमा देखिनेछन् ।

सहिद दिवसको सन्दर्भ पारेर प्रदर्शन गर्न लागिएको यस नाटकलाई माघ १६ गते नाचघरमा प्रथम मञ्चन गरिएको थियो । नाटकमा निर्भीक, शकु शाह, इनारा बानु, दीपक छल्दंग्या, सन्दीप डंगोल, प्रदीपकुमार चौधरी, निरज दाहाल, विश्वास मानन्धर, ऋषिकेश, कृमु एडेन बात्री, एलिजा तुम्बापो, रेवन राई, रोशन चन्दले अभिनय गर्नेछन् ।

ड्रामाटर्जको भूमिका अनुरागले निर्वाह गरेको नाटकमा संगीत डिजाइन उत्सव बुढाथोकीले गरेका छन् भने साउण्ड डिजाइन रिजन महर्जन र अभिषेक विकले गरेका छन् । नाटकमा प्रयोग भएको कार्टुन रोशन भण्डारीले निर्माण गरेका छन् ।

शंकरको निर्देशनमा यस अगाडि कोही किन बरबाद होस्, म्याड म्यान्स डायरी, लुक ब्याक इन एंगर, सेम टाइम नेक्स्ट इयर, उलारजस्ता दर्जन बढी नाटक मञ्चन भएका छन् ।

# शीर्ष गीतमा यस्तो देखियो रेखाको 'उपहार'

**काठमाडौं (प्रस)-** फागुन २५ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो 'उपहार' । अभिनेत्री रेखा थापाको निर्माता तथा अभिनय रहेको फिल्मको शीर्ष गीत 'हेरेको छैन' सार्वजनिक भएको छ । रविन भुसालको स्वर, अर्जुन पोखरेलको सङ्गीत तथा प्रमोद ढुङ्गानाको शब्द रहेको गीतमा रेखाको अलवा बेनिशा हमाल, पूजा शर्मा, मुकुन भुसाल र सुष्मा कार्की देखिएका छन् ।

कविराज गहतराजको कोरियोग्राफी रहेको गीतको शब्द सजिलै सम्झन सक्ने खालका छन् । गीतको भिडियोले फिल्म भित्र रहेको पात्रहरूको उतारचढाव समेत बोलेको छ ।

ज्ञानेन्द्र देउजाको निर्देशन रहेको 'उपहार' सामाजिक विषयवस्तुमा निर्माण भएको हो । प्रेमकथा, कमेडीदेखि रोदनसम्म सबै विषयवस्तु समेटिएको फिल्म निर्देशक देउजाको निर्देशन रहेको १७ औ फिल्म हो । फिल्म हरेक किसिमका दर्शकका लागि मध्यनजर गरेर निर्माण भएको निर्देशक देउजा बताउँछन् ।



फिल्ममा रेखा, बेनिशा, पूजा, मुकुन, र सुष्माको अलवा तेज गिरी, समर्पणजंग कार्की, सुष्मा कार्की, अंशु महर्जन, आशा भुषाल लगायतको अभिनय छ । अभिनेत्री थापाका श्रीमान् बलराम शाही ठकुरी कार्यकारी निर्माता रहेको फिल्मका निर्माता सुलभ प्रतीक र समीक्षा देउजा हुन् ।

# नयाँ फिल्मका लागि एक वर्ष साइन गर्दिनँ : दयाहाङ



■ प्रभाव संवाददाता

**काठमाडौं-** अभिनेता दयाहाङ राईले अबको एक वर्ष नयाँ फिल्म साइन नगर्ने बताएका छन् । आफूले अभिनय गर्नुपर्ने धेरै फिल्म थुप्रिएका कारण यस्तो गर्न लागेको उनले सुनाए ।

'मैले अभिनयका लागि सहमति जनाएको घोषणा हुन बाँकी ५ फिल्म छन् । त्यसपछिका अन्य फिल्म साइन गर्दिनँ,' दयाहाङले भने, 'साथीभाइको मुख हेर्दाहेर्दै धेरै फिल्म थुप्रियो ।' दयाहाङले आफ्नो अभिनय रहेको फिल्मको सङ्ख्या धेरै भएकोले अब केही कम गर्ने सोच समेत राखेको सुनाए ।

बिहीबार फिल्म 'दयारानी'को प्रेस मिटमा दयाहाङले फिल्म 'दयारानी'ले दर्शकका लागि नौलो स्वाद हुने सुनाए । 'फिल्म सन्तान नभएका श्रीमान् श्रीमतीबिचको कथा हो', राइले थपे, 'यसले सन्तान नभएका श्रीमान् श्रीमतीका लागि सन्तानको उपाय समेत खोज्छ ।'

'दयारानी' आगामी २६ गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदै छ । यो मितिमा दायहाङको अर्को फिल्म 'हात्ती छाप' पनि रिलिज हुँदै छ । एउटै मितिमा आफ्नो दुई वटा फिल्म रिलिज हुँदा प्रेसर र अप्ठ्यारो के फिल्म हुन्छ ? कार्यक्रममा उनलाई पत्रकारको प्रश्न थियो । जवाफमा उनले प्रचार प्रसारमा अहिले केही प्रेसर भए पनि अन्य कुरो सहज भएको बताए ।

'माघ २६ मा आउने मेरो दुवै फिल्म एकै समय बनेको होइन, यी फिल्म निर्माण ३, ४ वर्षको ग्याप थियो । अहिले रिलिजमा कसरीसँगै आयो । त्यो मैले बुझिन', दयाहाङले भने, 'रिलिजसँगै भए पनि यी दुवैको फरक फरक दर्शक हुन् । कसैलाई केही असर नपर्ला ।' दयाहाङले दुवै फिल्मले दर्शक रिझाउने सुनाए ।

कार्यक्रममा अभिनेता विजय बरालले फिल्म 'दया रानी'मा आफू दयाहाङ राईको मितिको रूपमा देखिन लागेको बताए । धेरै फिल्ममा दयाहाङको सहयोगीको भूमिकामा देखिएका विजयले यसपालि आफ्नो भूमिकाले दर्शकलाई फरक टेस्ट दिने सुनाए । 'मलाई दयाहाङको साथ छोड्नु हुँदैन जस्तो लाग्छ । त्यसैले यो पटक मितको रूपमा छु', विजयले थपे, 'मेरो पत्रले फिल्मको कथामा विभिन्न मोड ल्याउँछ ।' विजयले आफ्नो भूमिका पनि फिल्मको लागि महत्त्वपूर्ण रहेको दाबी गरे ।

त्यस्तै अभिनेत्री दिया पुनले आफू फिल्ममा दयाहाङकी श्रीमतीको रूपमा देखिने बताइन् । 'फिल्ममा विवाह भएको धेरै समय हुँदा पनि सन्तान जन्माउन नसकेकी एउटा महिलाको भूमिकामा म छु । जसलाई परिवार र समाजले सन्तानको लागि टर्चर दिइरहेको हुन्छ', दियाले थपिन् ।

'दयारानी' माओत्से गुरुङको डेब्यू निर्देशन रहेको फिल्म हो । बाँसुरी फिल्मस् र माओत्से फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्मलाई शैलेन्द्र ध्वज कार्कीले खिचेका हुन् ।

फिल्ममा दयाहाङ, दिया र विजयको अलवा प्रमिसा गुरुङ, पुस्कर गुरुङ, टिकाराम घले, शिरिषा कुँवर, नयन गुरुङ, सुर्य सुनार, राजेन्द्र थापा, सीतादेवी गुरुङ र क्रिष्टी गुरुङ लगायतका कलाकारको अभिनय छ ।

## रंगशाला

# पोखरामा बगर भाइ खलक फुटबल माघ २१ बाट




■ प्रभाव संवाददाता

**पोखरा–** दोस्रो हिमालय ब्रुअरी एवं तेह्रौ बगर भाइ खलक एठ ए साइड अन्तर्राष्ट्रि भेट्रान फुटबल प्रतियोगिता यहि माघ २१ देखि २७ गते सम्म आयोजना हुने भएको छ । स्वास्थ्यको लागि एक घण्टा ब्यायाम नगरिकहरूका लागि नौलो आयाम भन्ने नाराका साथ बगर भाइ खलक पोखराको आयोजनामा प्रतियोगिता हुन लागेको बिहीबार पोखरामा आयोजित पत्रकार सम्मेलन मार्फत जानकारी दिइएको हो ।

प्रतियोगिता पोखराको पुँरानो टुँडिखेल स्थित राष्ट्रिय माध्यमिक बिद्यालयको खेल मैदानमा हुने छ । प्रतियोगितामा कुल ३६ टिमको सहभागिता रहेको छ ।

प्रतियोगितामा ४० वर्ष माथि, ५० वर्ष माथि र ६० वर्ष माथीका उमेर समूहबीच नेपालमानै पहिलो पटक खेल सञ्चालन हुन लागेको महासचिव याम बहादु गुरुङले जानकारी दिए ।

खेलमा ४० वर्ष माथिको बिजेताले प्रथम पुरस्कार रु २ लाख ट्रफी, मेडल, प्रमाण पत्र, द्वितिय पुरस्कार १ लाख ट्रफी, मेडल, प्रमाण पत्र बेस्ट किप्पर, डिफेन्डर, मिडफिल्डर, फरवार्ड र प्रशिक्षकले रु ५ हजार प्राप्त गर्ने छन् भने ४० वर्ष माथिको सर्वोकृष्ट खेलाडिले रु १५ हजार प्राप्त गर्दा हरेक म्याचमा म्यान अफ दि म्याचले ट्रफि र प्रमाण पत्र प्राप्त गर्ने महासचिब गुरुङले जनाए ।

त्यस्तै ५० वर्ष माथि उमेर समुहको बिजेताले १ लाख ट्रफी, मेडल, प्रमाण पत्र, द्वितिय पुरस्कार ५० हजार ट्रफी, मेडल, प्रमाण पत्र र हेरक म्याचमा म्यान अफ दि म्याच ट्रफी र प्रमाण पत्र प्राप्त गर्ने छन् ।

६० वर्ष माथि उमेर समुहमा माथिको बिजेताले रु ५० हजार ट्रफी, मेडल, प्रमाण पत्र, द्वितिय पुरस्कार तीस हजार ट्रफी, मेडल, प्रमाण पत्र र हरेक म्याचमा म्यान अफ दि म्याचको लागि ट्रफि र प्रमाण पत्र प्रदान गरिने आयोजकले जनाएको छ ।

प्रतियोगितामा पोखरासहित भारतको देहरादुन, काठमाडौं, ललितपुर, चितवन, सिरहा, हेटौडा, सर्लाही, बुटवल, सिमरा, कैलाली, पाँचथरबाट सहभागिता रहेको छ । बगर भाइखलकले २०६८ सालदेखि निरन्त भेट्रान फुटबल संचालन गर्दै आइरहेको छ ।

# आर्मी र थ्रीस्टार उपाधिका लागि फाइनलमा




■ प्रभाव संवाददाता

**पोखरा–** विभागीय टोली त्रिभुवन आर्मी क्लब आहा रारा पोखरा गोल्डकपको फाइनलमा प्रवेश गरेको छ । बिहीबार भएको खेलमा आर्मीले चर्च ब्वाइजलाई २-१ गोल अन्तरले हराउँदै फाइनलमा स्थान बनाएको हो ।

पोखरा रंगशालामा आर्मीलाई जित दिलाउन दिनेश हेमजन र रशबहादुर मगरले एक-एक गोल गरे । चर्च ब्वाइजका लागि समिर तमाङले एक गोल गरे । खेलको निर्धारित ९० मिनेट १-१ गोलको बराबरीमा सकिएपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो । अतिरिक्त समयको ९९ औं मिनेटमा आर्मीका रशले गोल गर्दै टिमलाई फाइनल पुगाए ।

त्यसअघि खेलको ६१ औं मिनेटमा दिनेशले गोल गर्दै आर्मीलाई अग्रता दिलाएका थिए । खेलको ८५ औं मिनेटमा चर्च ब्वाइजका लागि समिरले बराबरी गोल फर्काएका थिए । आर्मीले अब उपाधिका लागि थ्री स्टार क्लबसँग खेल्नेछ । प्रतियोगिताको विजेताले १२ लाख १ हजार र दोस्रो हुने टोलीले ६ लाख १ हजार रूपैयाँ प्राप्त गर्नेछ ।

# गण्डकीलाई हराउँदै आर्मी फाइनलमा

**काठमाडौं (प्रस)-** प्रधानमन्त्री कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधिका लागि दुई विभागीय टोली नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लबबिच भिडन्त हुने भएको छ । बिहीबार लिग चरणको खेल समाप्त भएसँगै पुलिस र आर्मी प्रतियोगिताको फाइनलमा पुगेका हुन् । प्रतियोगिताको फाइनल खेल आउँदो शनिबार खेलिने छ ।

लिग चरणको समाप्तिपछि अंक तालिकाको पहिलो र दोस्रो स्थानमा रहने टोली प्रतियोगिताको फाइनलमा पुग्ने प्रावधान रहेको थियो । प्रतियोगितामा सहभागी १० वटै टोलीले लिग चरणमा नौ-नौवटा खेल खेलेका थिए । पुलिस क्लब आफूले खेलेका नौमध्ये सबै खेलमा विजयी भयो । जारी प्रतियोगितामा आफूले खेलेका सबै खेलमा जित हात पार्ने पुलिस एकमात्र टोली हो । लिग चरणको अन्तिम दिन बिहीबार भएको आफ्नो अन्तिम खेलमा पुलिस क्लबले सुदूरपश्चिम प्रदेशलाई ७८ रनले हरायो । तालिकामा पहिलो हुने क्रममा पुलिस क्लबले कुल १८ अंक बटुल्यो ।

आर्मी क्लबले भने आफूले खेलेका नौमध्ये सात खेलमा सफलता हात पार्‍यो । दुई खेलमा आर्मी क्लब पराजित भयो । आर्मी क्लबलाई लिग चरणमा बागमती प्रदेशले तीन विकेट र पुलिस क्लबले १३ रनले पराजित गरेका थिए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASSADR HUMAN RESOURCE SERVICE COMPANY

पूर्व स्वीकृति मिति : २०८०/१०/१८ | LT. No. 299220 | चलानी नं. ६०२१४१७३

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | SR | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | office and facility cleaning labor | 50 | 0 | 1000 | ३५,३८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २६ गते (9th Fub. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

